मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ · अंक १८ · २०८० साल मंसिर २० गते बुधबार · Wednesday 06, December 2023 · सूर्योदयः बिहान ६:४० बजे · सूर्यास्तः साँझ ५:१२ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## कृषि मधेशको लाइफलाइनः मन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले कृषि मधेश र नेपालकै अर्थतन्त्र र समृद्धिको लाइफलाइन भएको बताएका छन् । प्रदेश कृषि विकास विधेयक २०८० माथि भएको छलफलबाट उठेका प्रश्नको जवाफ दिँदै मन्त्री न्यौपानेले पूर्व कृषिमन्त्री वसन्त कुशवाहाले खर्च हुन नसकेको कृषिको बजेटलाई रकमान्तरण गरेर मलखाद किन्ने कुरा गरिएको प्रसंग उठाउँदै कुनै पनि प्रकारले मदखाद नकिनिएको जिकीर गरे । उनले विगतका मन्त्रीले कुरा मात्रै गरेको र प्रक्रिया अगाडि बढाउने कुनै प्रयास नभएका कारण कतिपय भ्रमपूर्ण सूचनासमेत बाहिर आउने गरिएको बताउँदै कृषिको विकासका लागि सक्दो प्रयासमा लारिहेको जिकीर गरे ।

न्यौपानेले भने, 'कृषिलाई आधुनिकरण, यान्त्रिकरण, विविधिकरण, व्यवसायीकरणमार्फत कृषि उत्पादन र उत्पादकत्व मूल्य श्रृंखला वृद्धि गर्दै रोजगारी सिर्जना गर्न खाद्य सुरक्षा, दिगो आर्थिक लक्ष्य हासिल र कृषि क्षेत्रलाई प्रभावकारी रुपमा अगाडि बढाउने रहेको छ ।'
मन्त्री न्यौपानेले कृषि पर्यटन र किसानलाई कार्डको व्यवस्थालगायतको पाटो समावेश गरेर विधेयकलाई किसानमैत्री बनाउन खोजिएको बताउँदै यसमा भएका कमजोरी सुधार गरेर लैजान आफूहरु तयार रहेको बताए ।
उनले मधेशको विकास र समृद्धिका लागि कृषि महत्वपूर्ण रहेको बताउँदै सरकारले कृषिक्षेत्रलाई उत्थान गरेर किसानलाई कसरी जोड्न सकिन्छ भन्नेमा सरकारको ध्यान केन्द्रित रहेको बताए । उनले आफू मन्त्री बन्दा बजेट बनिसकेका कारण धेरै कुरा सुधार गर्न नसकिएको र कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न उनीहरुका लागि विशेष प्याकेज व्यवस्था गर्न लागेको जानकारी दिए ।
उनले बजेटको व्यवस्था र असिम आवश्यकताबीच हिँडनुपर्ने अवस्था रहेका कारण कुनै आकांक्षा पूरा गर्न सम्भव नरहेको बताउँदै मन्त्रालयले पाएको बजेटको परिधिमा रहेर कार्यक्रम सञ्चालन गरिरहेको जिकीर गरे ।
न्यौपानेले मधेश प्रदेशलाई कृषि प्रदेश बनाउने आफूहरुको चाहना रहेको बताए ।
विधेयकमाथि बोल्दै प्रदेश सभा सदस्य रानी शर्मा तिवारीले कृषिलाई रोजगारीसँग जोडनेपर्ने आवश्यकता रहेको बताउँदै अहिलेसम्म कृषिसँग रोजगारी जोडन नसकिएको जिकीर गरिन् । उनले कृषिलाई रोजगारीसँग जोडिएको खण्डमा मात्रै यसबाट किसानले लाभ लिन सक्ने बताइन् ।
त्यसैगरी, प्रदेश सभा सदस्य अनिरुद्धकुमार सिंहले कतिपय ठाउँमा जंगली जनावरले समेत क्षति पुर्याइरहेको बताउँदै किसान समस्या खेपिरहेको बताए । उनले किसानले बाली लगाउने गरेको तर जंगली जनावरले क्षति पुर्याउने गरेको बताए ।
त्यसैगरी प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुरले कृषि क्षेत्र विगतमा निकै उन्नत क्षेत्र भए पनि विस्तारै समाप्तिको अवस्थामा पुगेको बताउदै धानमिल बन्द भएको अवस्थामा कारण खोजिनु पर्ने र विज्ञसँग अध्ययन गराएर अगाडि बढ्नुपर्ने बताए । उनले कृषि पेसा मर्यादित बनाउन र किसानको समस्या समाधान गर्न सरकारको ध्यान केन्द्रित हुनुपर्ने बताए ।

## मल खोई मन्त्रीज्यू ?

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ग्रामीण क्षेत्रमा रासायनिक मल अभाव भएपछि किसानहरु मारमा परेका छन् । पालिकाले वडामा निर्धारण गरेको मलको परिणामले किसानका लागि अपुग भएको छ । गहुँ तथा मुसुरो छर्न ढिलाइ भएको छ । ६ सय देखि १ हजार २ सयसम्म घरधुरी रहेको वडामा ५० देखि १ सय बोरा मल पुग्दा किसानहरु सास्तीमा परेका हुन् ।
स्थानीय सहकारीहरुले कोटा निर्धारण गरे पनि मल बाँड्न सकिरहेका छैनन् । बाली लगाउने बेलामा मल नपाइएपछि अनाज किनेर खानु पर्ने समस्या बढिरहेको छ ।
पर्साका ग्रामीण भेगमा किसानले मल नपाएपछि भारतको सिमावर्ती बजार सिक्टा, भेलवा, ईनरर्वा, मैनाटाड र रक्सौल पुगेर ब्लाकमा मल किनिरहेका छन् ।
'किसानलाई समयमा मल पुग्न सकेको छैन नि ?' मधेशदृष्टिको प्रश्नमा मंगलबार साँझ कृषि मन्त्री गोविन्द प्रसाद न्यौपानेले भने, 'म बुझ्छु, त्यस्तो भएको छ र ?' पर्साका केही राजनीतिकर्मी कृषिमन्त्रीप्रति व्यंग्य गर्छन्, 'मन्त्रीज्यू पूर्वी भूगोलको पर्नुभयो, त्यता धान भित्र्याउनै बाँकी छ, यता पर्सातिर धान काटेर अरु बाली लगाउने बेला भएको मन्त्रीज्यूलाई थाहा नहुन पनि सक्छ !'

## 'मलामी कमाउन राजनीतिमा आएँ'

**महेश कठायत**
**वीरगंज ।**
गाउँघरमा स्थानीयका ससाना प्रकृतिका काम वडा कार्यालयसँग ठोकिने गरेका छन् । यस्तो अवस्थामा स्थानीयका समस्यालाई सम्बोधन गर्ने पहिलो कानुनी दायित्व नै वडाअध्यक्षको हुन जान्छ । वडा कार्यालयले, जन्मदर्ता, विवाह दर्ता, नाता प्रमाणित, नागरिकताका लागि सिफारिस, मोही लगत कट्टा, बहाल कर र घरजग्गा करको लेखाजोखा सिफारिस



गर्नेलगायतका काम वडा कार्यालयसँग जोडिएका विषय हुन् । देशभरका सात सय ५३ स्थानीय तहमध्ये एक मधेश प्रदेशको पर्सास्थित वीरगंज महानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष जयप्रकाश साह अग्रवाल भन्छन्, 'म राजनीतिमा मलामी कमाउन आएको हुँ ।'
*उनको अनुभव पृष्ठ ७ मा ।*

## 'दोषी'लाई भिसी बनाउन दौडधूप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति (भिसी) बन्न दौडधूप गरिरहेका सदस्यहरु विगतमा स्वास्थ्य क्षेत्रमा बदमासीमा मुछिएका पात्रहरु भएको पाइएको छ ।
उपकुलपति डा. नवलकिशोर साहको मृत्युपछि मधेश प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले असोज १६ गते उपकुलपति नियुक्तिका लागि गरेको विज्ञापनअनुसार उम्मेदवार बनेकाहरु विगतमा दोषी ठहरिएका व्यक्तिहरु भएको पाइएको हो ।
१५ दिनको म्याद राखेर गरिएको विज्ञापनअनुसार प्रतिष्ठानमा उपकुलपति (भिसी)का लागि आवेदन दिनेहरुमा डा. अंकुर सिंह र डा. रमेश प्रसाद सिंहलाई उपकुलपति बनाउने गरी मधेश सरकारका मुख्यमन्त्री, स्वास्थ्यमन्त्री तयारीमा जुटेका छन् । उपकुलपति नियुक्तिका लागि बनेको पाँच सदस्यीय समितिका एक सदस्य ल्याब डाइरेक्टर डा. श्रवण मिश्र विदेशमा रहेकाले समितिले भिसी सिफारिस गरिसकेको छैन । समितिमा मधेशका स्वास्थ्य मन्त्री वीरेन्द्र सिंह, स्वास्थ्य सचिव डा. प्रमोद यादव, डा. भरत साह, डा. नाथुराम चौधरी र डा. श्रवण मिश्र सदस्य छन् । भरत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठाका पूर्वभिसी हुन्, चौधरी नीति तथा योजना आयोगमा छन् । मन्त्री, सचिव र ल्याब डाइरेक्टर भइहाले ।
भिसी बन्ने दौडधूपमा रहेका दुई उम्मेदवार भने पूर्वाधार नै तयार नभएको अस्पताललाई अनुमति दिने सिफारिसकर्ता भएको भनेर विगतमा कारबाही सिफारिसमा परेका व्यक्ति हुन् । डाक्टर अंकुर सिंहले स्वास्थ्य मन्त्रालयबाट अनुमति नै नपाएको काठमाडौंको नेसनल अस्पतालको फाइल मिलाइरहेको अवस्थामा नेपाल मेडिकल मेडिकल काउन्सिलको सदस्य रहँदा दोषी पाइएका थिए । उनलाई मेडिकल काउन्सिलको सदस्य भएर अनुमति नभएको अस्पतालको कागजात मिलाउन लागेको भन्दै स्वास्थ्य मन्त्रालय र काउन्सिलमा कारबाही सिफारिस भएको थियो ।
यस्तै, अर्का डाक्टर रमेश प्रसाद सिंह पनि मापदण्ड नै नपुगेको देवदह मेडिकल कलेजलाई एमबिबिएस कार्यक्रम सुरु गर्न पूर्वाधार विनै सिफारिस गरेर दोषी ठहर भएका व्यक्ति हुन् । डा. गोविन्द केसी अनशन बस्दा बनेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले चिकित्सा
*बाँकी पृष्ठ २ मा*

मध्य तराईको पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्ज
२१ औं वार्षिकोत्सवको उपलक्ष्यमा
21 Years ANNIVERSARY
रक्तदान कार्यक्रम
मितिः २०८० मंसिर २३ गते, शनिवार
स्थानः रेडियो वीरगंज परिसर
आयोजक
रेडियो वीरगंज ९९ MHz
www.radiobirgunj.com
www.facebook.com/radiobirgunj99MHz
Tv BIRGUNJ
RADIO
मधेशदृष्टि राष्ट्रिय दैनिक
सफलताको हाम्रो पाईला अब २२ औं वर्षमा प्रवेश

## जनकपुरधाम उपमहानगरमा पूर्व कार्यालय प्रमुखहरुको ११ करोड भन्दा बढी पेश्की

*उपमहानगरपालिकाको २०७९ असार ३२ गते सम्मको लेखापरीक्षणमा कार्यालय प्रमुखका रुपमा कार्य गरेका पूर्व प्रमुखहरू रत्ननेश शशि, विनोद कुमार खड्का, प्रद्युम्न प्रसाद उपाध्याय र कार्यरत लेखा प्रमुख नन्द कुमार झाको संयुक्त नाममा ११ करोड ३५ लाख ४ हजार ६ सय ९६ रुपैयाँ बेरुजु रहेको लेखा परीक्षण प्रतिवेदनले देखाएको छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी रहेको जनकपुरधाम उपमहानगरपालिकाका कार्यालय प्रमुख, कर्मचारीसम्मका नाममा करोडौँ रुपैयाँ बेरुजु तथा पेश्की बाँकी देखिएको छ ।
उपमहानगरपालिकाको २०७९ असार ३२ गते सम्मको लेखापरीक्षणमा कार्यालय प्रमुखका रुपमा कार्य गरेका पूर्व प्रमुखहरू रत्ननेश शशि, विनोद कुमार खड्का, प्रद्युम्न प्रसाद उपाध्याय र कार्यरत लेखा प्रमुख नन्द कुमार झाको संयुक्त नाममा ११ करोड ३५ लाख ४ हजार ६ सय ९६ रुपैयाँ बेरुजु रहेको लेखा परीक्षण प्रतिवेदनले देखाएको छ । भिभिन्न मितिमा कार्यालयमा रहदा कुन कार्यालय प्रमुखको पालामा कति रकम बेरुजु रहेको भन्ने चैँ लेखा परीक्षण प्रतिवेदनले प्रष्ट पारेको



छैन ।
यसैगरी, म्याद ननाघेको पेश्कीमा विकोइ नरनसिंह जेभी र गौरी पार्वती –महतो जेभीका नाममा १ करोड २३ लाख रुपैयाँ उल्लेख छ । जेभी र गौरी पार्वती फछर्यौटले भानुचोकमा रहेको उपमहानगरपालिकाको जग्गामा सार्वजनिक सेवा प्रवाह भवन निर्माण (बहुवर्षीय) को लागि ७८ लाख फछर्यौट गर्नु पर्ने प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, गौरी पार्वती–महतो जेभीले दीर्घ सागर पोखरी सौन्दर्यकरण (बहुवर्षीय)का लागि लिएको ४५ लाख रुपैयाँ फछर्यौट गर्न बाँकी रहेको देखिएको छ ।
उपमहानगरपालिकालाई म्याद ननाघेको पेश्की सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकम विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत
*बाँकी पृष्ठ २ मा*

## जसपा सप्तरी र पर्साका समानान्तर कमिटी खारेज

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेश समितिले जसपा पर्सा र सप्तरीमा पुरानै समिति कायम रहेको जनाएको छ । जसपा मधेश प्रदेशका मुख्य सचिव दिनेश कुमार यादवले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै मधेश प्रदेश कमिटीका अध्यक्ष रामकुमार यादवको अध्यक्षतामा सम्पन्न बैठकले पर्सा र सप्तरी जिल्लामा पहिलेदेखि रहेको समिति बाहेकका अन्यथा गठित समानान्तर समितिलाई पूर्वाग्रही र पार्टीको विधानविपरीत रहेको जनाएको छ ।
जसपाको असन्तुष्ट पक्षले पर्सा र सप्तरीमा समानान्तर समिति गठन गरेको थियो । सप्तरीमा केदार प्रसाद यादव र पर्सामा रामनरेश यादव अध्यक्ष रहेको जसपा, नेपाल जिल्ला समिति बाहेकका अन्य समिति पूर्वाग्रही र विधानविपरीत रहेको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा पर्सा र सप्तरीमा गुनासो व्यक्त गर्दै आएका नेता कार्यकर्ताको मनोभावना बुझेर विधानको अधीनमा रही पार्टीको काम कर्तव्य गर्न गराउनसमेत आग्रह गरिएको छ ।
यसअघि पर्सामा बहुदरमाई नगरपालिकाका मेयर सिंगाशन सा तेलीको अध्यक्षता र सप्तरीमा उमेश प्रसाद यादवको अध्यक्षतामा समान्तर जिल्ला कार्य समिति गठन गरिएको थियो । प्रदेश समितिले दुवै समिति अवैधानिक ठहर गरेको हो ।

# एनसेलको शेयर खरिद–बिक्रीपछि उब्जिएका प्रश्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको शेयर कारोबार विवाद सत्तागठबन्धनको छलफलको विषय बनेको छ । मलेसियन कम्पनी 'आजियटा ग्रुप बर्हाड'ले एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्रलाइट युके लिमिटेड'लाई बेच्ने निर्णय गरेपछि यो व्यावसायिक कारोबारको कानुनी प्रक्रियाको वैधता र आर्थिक पादर्शितामाथि गम्भीर प्रश्न उब्जिएका छन् ।
नागरिकस्तरदेखि संसदीय समितिसम्ममा यो विषयले प्रवेश पाएको छ । यो कारोबारको वास्तविकता खोजेर जानकारी गराउन सरकार र मातहतका निकायमाथि चर्को दबाब छ । यही सन्दर्भमा एनसेल शेयर खरिद–बिक्रीपछि उब्जिएका मूलभूत प्रश्नलाई राससले विस्तृत समाचार बनाएको छ ।

**नियामकलाई किन जानकारी भएन ?**

एनसेलको शेयर खरिद–बिक्री हुँदा सम्बन्धित क्षेत्रका नियामक निकायलाई जानकारी भएको देखिँदैन । एनसेलको शेयर स्वामित्व खरिद–बिक्री नेपालको विद्यमान कानून र प्रक्रियाअनुसार भए वा नभएको विषयमा अध्ययन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार सम्बन्धित निकायलाई निर्देशन दिइसकेका छन् । यो व्यावसायिक सम्झौताबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर तथा सरकारको राजस्वलगायत विषयमा पर्ने प्रभावबारे शीघ्र अध्ययन गर्न पनि प्रधानमन्त्री दाहालको निर्देशन छ । नेपाल दूरसञ्चार प्राधिकरण, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभागलगायतका निकायहरू यो व्यावसायिक कारोबारबाट अनविज्ञ रहेको प्रधानमन्त्रीको यो निर्देशनबाट पुष्टि हुन्छ ।
अर्थमन्त्री डा. प्रकाशशरण महतले मङ्गलबार चितवनमा सञ्चारकर्मीसँग कुरा गर्दै एनसेलको शेयर खरिद–बिक्रीका विषयमा अहिलेसम्म सरकारलाई जानकारी नभएको बताए । 'हामी सूचना लिइरहेका छौँ, ठूलो किनबेच गर्दा अनुमति लिनुपर्ने व्यवस्था छ । यसबारे नियामक दूरसञ्चार प्राधिकरणसँग जानकारी मागिएको छ,' अर्थमन्त्री डा. महतले भने ।
नियामक निकायलाई समेत जानकारी नहुने गरी मुलुकबाहिरबाट शेयर खरिद–बिक्री भएको भन्दै सार्वजनिक लेखा समितिले पनि सम्बन्धित निकायमार्फत यस विषयमा जवाफ मागेको छ । साथै, बुधबारका लागि सार्वजनिक लेखा समितिले एनसेलको शेयर खरिद–बिक्री सम्बन्धमा प्रारम्भिक छलफलका लागि बैठक बोलाएको छ । यसरी राज्यका निकायलाईसमेत जानकारी नहुने गरी मुलुक बाहिरबाट शेयर खरिद–बिक्री भए भन्दै यो व्यवसायिक कारोबारको कानूनी प्रक्रिया र आर्थिक पादर्शितामाथि प्रश्न उठेका छन् ।
'नेपालको कर प्रणाली छलेर भएको शेयर खरिद–बिक्री वा हक हस्तान्तरण नेपालका नियमनकारी संस्थालाई जानकारी नै नदिइकन भएको भन्ने सुनिन आएकाले यो खरिद–बिक्रीको प्रक्रिया र पारदर्शितामाथि सम्बन्धित नियमनकारी निकायको के भनाइ छ ?,' सार्वजनिक लेखा समितिले आइतबार आन्तरिक राजस्व विभाग, दूरसञ्चार प्राधिकरण र कम्पनी रजिष्ट्रारको कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ, 'छ वर्षपछि कानुनबमोजिम नै नेपाल सरकारको स्वामित्वमा आउने सुनिश्चित हुँदाहुँदै सोलाई समेत असर पर्न सक्ने गरी भएको अहिलेको कारोबारलाई अनुमति वा स्वीकृति प्रदान गर्ने, नगर्ने सम्बन्धमा नियमनकारी निकायको भनाइ के रहेको छ ? यदि नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा सो कारोबारको वैधानिकता के हुन्छ ?' के शेयर खरिद–बिक्री

**विद्यमान विधि र प्रक्रियाभित्र छ ?**

एनसेलको शेयर खरिद–बिक्री नेपालको विद्यमान विधि, कानून र प्रक्रियाभित्र रहेर भएको छ वा छैन ? भन्ने अर्को महत्वपूर्ण प्रश्न हो । नेपालको ऐन कानून अनुसार भएको छ कि छैन भन्नेमा पनि नियामकहरूले हालसम्म कुनै औपचारिक जानकारी सार्वजनिक गरेका छैनन् । दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पुँजीको पाँचभन्दा बढी प्रतिशत शेयर खरिद–बिक्री गर्नुअघि नेपाल दुरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ । त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क) मा शेयरधनीको शेयर खरिद–बिक्री वा नामसारी गर्नु पूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानूनी प्रावधान छ । आजियटाले यो प्रक्रिया पूरा गरे÷नगरेको बारे प्राधिकरणले कुनै स्पष्ट जानकारी बाहिर ल्याएको छैन ।
अर्कोतर्फ, यो व्यावसायिक सम्झौतामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा १९ आकर्षित हुनसक्ने भएकाले सोहिअनुसार आजियटा अघि बढेको बुझ्न सकिन्छ । ऐनको उक्त दफाले 'विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति, जायजेथा वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको नेपाल भित्र वा बाहिर शेयर बिक्री वा हक हस्तान्तरण वा अन्य कुनै प्रकारको स्वामित्व वा निहित स्वामित्वको संरचना परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको तीस दिनभित्र तत्सम्बन्धी प्रमाण कागजातसहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।
लामो समयदेखि करछलीको विवादमा अदालती प्रक्रिया भोगिरहेको एनसेल कम्पनीमा फेरि करछलीको नियतबाट शेयर कारोबार भएको हुनसक्ने विषयमा पनि आशङ्का उब्जिएका छन् । विदेशमा कारोबार हुनु, न्यून रकममा शेयर खरिदबिक्री हुनु, शेयर खरिद गरेका व्यक्ति र संस्थाको शंकास्पद आबद्धतालगायत कारण यस्ता आंशका देखिएका हुन् ।

**अब एनसेलको दायित्व के हुन्छ ?**

एनसेलको कर छलीसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतमा चलिरहेको छ । आयकर ऐन २०५२ को दफा ५७ र दफा ९५ मा टेकेर ठूला करदाता कार्यालयले एनसेलविरुद्ध मुद्दा दायर गरेको छ । आज मङ्गलबारका लागि तोकिएको यो मुद्दाको पेसी सरेर आगामी फागुन १५ गतेका लागि तय भएको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए । करिब ५७ अर्ब बराबर कर असुली मागसहित यो मुद्दा दायर भएको देखिन्छ । यसअघिका मुद्दा हारेको एनसेलले यो मुद्दा पनि हार्ने अवस्था भएमा त्यसको दायित्व कसरी बेहोर्छ भने प्रश्न पनि उठिरहेका छन् । त्यस्तै, एनसेलमार्फत कर असुली गर्नुपर्ने भनी यसअघि भएका अदालतका आदेशअनुसार एनसेलले कर बुझाएको छैन । अदालती प्रक्रियामा रहेको करसँग सम्बन्धित मुद्दा र यसअघिको फैसलाबमोजिम सरकारले पाउनुपर्ने कर को–मार्फत कसरी प्राप्त हुन्छ भन्नेमा पनि अन्यौलता देखिन्छ ।
'टेलिया सोनेराले आजियटालाई एनसेल बिक्री गर्दा निर्धारण गरेको र आजियटाले कबोल गरेको पुँजीगत लाभकर पूर्णरूपमा भुक्तानी गरेको छैन । ठूला करदाता कार्यालयले थप निर्धारण गरेको कर बक्यौता कति हो र आजियटा निक्सिएपछि दायित्व कसले लिन्छ भन्ने पनि प्रश्न देखिएको छ,' राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले सोमबार सङ्घीय संसदअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिमा दर्ता गराएको निवेदनमा भनिएको छ, 'आगामी छ वर्षसम्मको मुनाफामा आजियटाकै हक लाग्ने सम्झौता भएको देखिन्छ । यो सम्झौता २५ प्रतिशत पुँजीगत लाभकरको सट्टा पाँच प्रतिशत लाभांश कर तिर्ने रचिएको प्रपञ्च त होइन ?'
एनसेलले बहन गर्नुपर्ने अर्को ठूलो आर्थिक दायित्व हो, दूरसञ्चार सेवा सञ्चालन गर्नका लागि पाएको अनुमतिपत्रको नवीकरण दस्तुर । सन् २०२९ सम्मका लागि नेपालले नवीकरण दस्तुरका करिब २० अर्ब रुपैयाँ भुक्तानी गर्नुपर्ने देखिएको तथ्य बाहिर आएका छन् । तर दूरसञ्चार प्राधिकरणले भने यसबारे पनि कुनै धारणा सार्वजनिक गरेको छैन । बैंक तथा वित्तीय संस्थालाई एनसेलले भुक्तानी गर्नुपर्ने कर्जा कति छ भन्ने पनि यकिन छैन । तर, क्रेडिट रेटिङ कम्पनी इक्रा नेपालका अनुसार एनसेल आजियटा लिमिटेडले २०२२ अगस्तसम्ममा २८ अर्ब ६४ करोड ५० लाख रुपैयाँ बराबर कर्जाका लागि क्रेडिट रेटिङ गराएको छ । एनसेलको कर्जाबारे सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई नै जानकारी हुने र शेयर खरिद–बिक्री त्यस्तो कर्जाका सन्दर्भमा कुनै पनि बैंक वित्तीय संस्थाले नियामक नेपाल राष्ट्र बैंकलाई जानकारी नगराएको नेपाल राष्ट्र बैंकका सहप्रवक्ता डिल्लीराम पोखरेलले बताए ।

**न्यून रकमको कारोबारका आधार के हुन् ?**

निकै कम रकममा शेयर कारोबार भएको देखिएपछि यो व्यावसायिक सम्झौतामा थप शङ्का गर्ने ठाउँ देखिएका छन् । सन् २०१६ मा तत्कालीन माउ कम्पनी स्विडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात् एक खर्ब ४४ अर्ब ७ करोड रुपैयाँमा मलेसियन कम्पनी आजियटालाई बिक्री गरेको थियो । तर अहिले सोही शेयर पाँच करोड अमेरिकी डलर अर्थात् रु साढे छ अर्बमा बिक्री भएको छ । चलिरहेको व्यवसाय किनेको रकमभन्दा ९६ प्रतिशत कम रकममा बेच्नु अस्वाभाविक छ ।

**पब्लिक लिमिटेड बनाएर किन शेयर जारी गरिएन ?**

यो कम्पनी 'मेरो मोबाइल'का रूपमा सन् २००४ मा स्थापना भएको थियो । पछि सन् २०१० मा स्वीडेनको कम्पनी टेलिया सोनेरा ग्रुपले किनेपछि 'एनसेल' का रूपमा ब्रान्डिङ भएको हो । सन् २०१६ अप्रिलमा आजियटा ग्रुप बर्हाडले ८० प्रतिशत शेयर खरिद गरेको थियो । एनसेल सन् २०२० अगस्त ३ मा पब्लिक लिमिटेड कम्पनीका रूपमा घोषणा भयो र आफ्नो नाम 'एनसेल आजियटा लिमिटेड' बनाएको थियो । तर हालसम्म पनि सर्वसाधारणका लागि शेयर जारी गरेको छैन । यस विषयमा पनि लेखा समितिले प्रश्न उठाएको छ ।
इक्रा नेपालले क्रेडिट रेटिङका क्रममा खुलाएको विवरण हेर्दा एनसेल आजियटा कम्पनीको सञ्चालन आय पछिल्ला वर्षहरूमा निरन्तर घट्दो देखिन्छ । इक्राको विवरणअनुसार कम्पनीले सन् २०१८ मा ५९ अर्ब ८१ करोड ७० लाख, सन् २०१९ मा ५५ अर्ब ३९ करोड ८० लाख, सन् २०२० मा ४६ अर्ब ८७ करोड ४० लाख र सन् २०२१ मा ४० अर्ब ४२ करोड २० लाख बराबर छ ।
आजियटाले भने व्यवसायमा न्यून प्रतिफलको प्रत्याभूति, झन्झटिलो कर प्रशासन, नियमनकारी निकायको असहयोग, लाइसेन्सको म्याद सकिएपछिको अवस्थामा सरकारले स्वामित्व ग्रहण गर्नेलगायतका विषयलाई कारण देखाउँदै स्वामित्व बिक्री गर्ने उल्लेख गरेको छ ।

**सेवा प्रवाहमा कस्तो असर पर्छ ?**

एनसेलको स्वामित्व बिक्रीपछि यसको सेवा प्रवाहमा कस्तो असर देखिन्छ भन्ने पनि प्रश्न उठेको छ । सार्वजनिक लेखा समितिले दूरसञ्चार प्राधिकरणलाई काटेको पत्रमा यो व्यावसायिक कारोबारबाट सेवा प्रवाहमा देखिनसक्ने प्रभावबारे जवाफ माग गरिएको छ ।
त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पनि एनसेल खरिदबिक्री सम्झौताबाट नेपालको अन्तरराष्ट्रिय छविमा आँच पुग्ने र भविष्यमा वैदेशिक लगानी निरुत्साहित हुने हुँदा यो व्यवसायिक सम्झौताका क्रममा उठेका प्रश्नको जवाफ खोजिनुपर्ने माग राखेको छ ।

## जनकपुरधाम उपमहानगरमा...

तयार गर्न निर्दिष्ट गरिएको छ ।
आर्थिक वर्ष २०७८–७९ को लेखापरीक्षणले कर्मचारी तथा संघसंस्था, फर्म, उपभोक्ता समिति एवम् व्यक्तिसहित ६९ विभिन्न शीर्षकमा रहेको म्याद नाघेको पेश्की २ करोड ७ लाख ३५ हजार ८ सय ५३ रुपैयाँ रहेको देखाएको छ भने पेश्की फछर्यौट सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिइएको रकम तोकिएको म्यादभित्र फछर्यौट गर्न पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख गर्दै उपमहानगरपालिकालाई लेखा परीक्षण प्रतिवेदनले निर्देश गरेको छ ।
महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९ अनुसार जनकपुरधाम उपमहानगरपालिकामा आर्थिक वर्ष सम्म १ अर्ब ५ करोड ६३ लाख २७ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ मा ३४ करोड १५ लाख ९० हजार रुपैयाँ बेरुजु फछर्यौट गरेर आर्थिक वर्ष २०७८–७९ सम्ममा अद्यावधिक गर्दा ७१ करोड ४७ लाख ३७ हजार रुपैयाँ बेरुजु देखिएको परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।
धनुषाका कमला नगरपालिका र धनौजी गाउँपालिकाबाहेक १६ पालिकामा विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, फर्म तथा व्यक्तिबाट ६ अर्ब ६७ करोड ७ लाख ५० हजार रुपैयाँ बेरुजु असुल गर्नु पर्ने महालेखा परीक्षकको प्रतिवेदन २०७९ ले देखाएको छ ।

## 'दोषी'लाई भिसी...............

शिक्षामा अनियमिततामा दोषी देखिएका ४३ जना डाक्टरलाई कारबाही सिफारिस गरेको थियो । त्यसमा डा.रमेश २२ नम्बरका र डा. अंकुर ३९ नम्बरका दोषी हुन् । उनीहरुसहित सबै डाक्टरलाई कारबाही सिफारिस भएको थियो । तिनै ४३ डाक्टरमध्ये दुई डाक्टर मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भिसीका लागि शक्तिकेन्द्र धाइरहेका छन् ।
मधेशका स्वास्थ्य मन्त्री वीरेन्द्र सिंह डा. रमेशलाई भिसी बनाउन चाहन्छन् भने मुख्यमन्त्री सरोजकुमार यादव डा. अंकुरलाई भिसी बनाउन चाहन्छन् । डा. अंकुरलाई भिसी बनाउन अस्पताल उपकरण व्यवसायी विशाल पण्डितले काठमाडौँको बसेरा होटलमा मुख्यमन्त्री यादवसँग बसाइ गरिसकेका छन् । स्रोतका अनुसार, ५ करोड रुपैयाँसम्म खर्च गर्न अस्पताल उपकरण व्यवसायी तयार भएको भन्दै मुख्यमन्त्री भेटेर मन्त्रणा गरिएको हो । विगतमा दोषी देखिएकालाई भिसी बनाउने काममा मुख्यमन्त्री र मन्त्री नै विभाजित भएका छन् । दोषी अनुहार चैँ भिसी हुने भनेर शक्तिकेन्द्र धाउनेदेखि रकम बुझाउनेसम्ममा जोडिएका छन् । यसको निरन्तर फलो अप गरिरहनेछौँ ।

सुचना ! सुचना !! सुचना !!!

यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित सम्पूर्ण संस्थागत विद्यालयका संस्थापक/प्रिन्सिपलज्यूलाई जानकारी गराइन्छ कि आ-आफ्नो स्कूलबाट T.C. नलिई अन्य स्कूलमा भर्ना गराइएको विद्यार्थीको सम्पूर्ण विवरण यही मंसिर २० गते सम्म PABSON वा N-PABSAN नगर कमिटीमा दर्ता गराउन अनुरोध छ।
उक्त समयपछि T.C. चेक जाँचमा आउँदा विना T.C. विद्यार्थी भर्ना भएको पाइएमा भर्ना लिने विद्यालय नै नेपाल सरकारको शिक्षा नियमावलीबमोजिम दोषी ठहर भई त्यस स्कूलमाथि सामाजिक, प्रशासनिक कारबाही साथै पत्रपत्रिका तथा समाचारमा समेत विद्यालय, विद्यार्थी तथा अभिभावकको नाम, ठेगानासहित आउने हुँदा यसै समय सिमाभित्र T.C. (Transfer Certificate) लिनु हुन अभिभावक साथै हाल अध्ययनरत विद्यार्थीलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आग्रहकर्ता
N-PABSAN तथा PABSON
इकाई कमिटी
जनकपुरधाम उपमहानगरपालिका

# नारायणगोपाल स्मृति सम्मान तारादेवी र गणेश रसिकलाई

**मधेशदृष्टि**
**काठमाडौँ ।**

स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यको ३३ औँ स्मृति दिवसका अवसरमा स्वर किन्नरी तारादेवी (मरणोप्रान्त) र सङ्गीतकार गणेश रसिक (राई)लाई सम्मान गरिएको छ ।
नारायणगोपाल सङ्गीत कोष र सांस्कृतिक संस्थानद्वारा मंगलबार आयोजित कार्यक्रममा कोषका अध्यक्ष उषा शेरचनले नारायणगोपाल स्मृति सम्मान एवं विशेष पुरस्कार प्रदान गरे ।
पुरस्कारको राशि जनही ५१ हजार रुपैयाँ रहेको छ ।
दिवङ्गत तारादेवीलाई प्रदान गरिएको सम्मान तथा पुरस्कार तारादेवी स्मृति प्रतिष्ठानका उपाध्यक्ष भूवन चन्दले ग्रहण गरे ।
अग्रज स्रष्टा तारादेवीले तीन हजार पाँच सय बढी गीतमा स्वर दिएकी छन् ।
सम्मानित व्यक्तित्व रसिकले स्वरसम्राट नारायणगोपालसँगको सहकार्यका अनुभूति सुनाउँदै उनको गीत सङ्गीतबिना सुगम सङ्गीत अपुरो हुने बताए ।
कार्यक्रममा विभिन्न कलाकारले नारायणगोपालले गाएका विभिन्न गीत प्रस्तुत गरेका थिए ।

# 'प्रधानमन्त्रीलाई 'कुलपति'को कार्यबोझबाट मुक्त गर्नुपर्छ'

**रासस**
**काठमाडौँ ।**

मुलुकको प्रमुख कार्यकारी प्रधानमन्त्रीलाई सबै विश्वविद्यालयको 'कुलपति'को जिम्मेवारीमा राख्न नहुने सांसदहरुले बताएका छन् ।
सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने गरी प्रस्तावित विधेयकमाथिको छलफलका क्रममा मंगलबारको बैठकमा राष्ट्रियसभा, विधायन व्यवस्थापन समिति सदस्यले राज्यका अरु धेरै महत्वपूर्ण कार्यमा प्रधानमन्त्री संलग्न हुनुपर्ने भएकाले धेरै ठाउँमा कुलपति बनाउन नहुने धारणा राखे । समिति सभापति जयन्ती राईले प्रधानमन्त्रीलाई धेरै विश्वविद्यालय र प्रतिष्ठानको कुलपतिको जिम्मेवारी दिन नहुने विचार व्यक्त गरिन् ।
उनले भनिन्, 'प्रधानमन्त्रीलाई धेरै ठाउँमा आबद्ध गराउन र पद ओगट्न लगाउन हुँदैन । धेरै ठाउँमा आबद्ध गराउँदा ती संस्थाको कार्यसम्पादनमा पर्नसक्ने असरबारे कानुन निर्माणमै हेक्का राख्नुपर्छ ।'
समितिको बैठकमा प्रस्तावित विधेयकमा उल्लेखित विश्वविद्यालयको सङ्गठन, पदाधिकारी र विश्वविद्यालय सभाको काम, कर्तव्य र अधिकारमाथिको छलफलमा सदस्यले विचार प्रकट गरेकी हुन् ।
विधेयकमा प्रधानमन्त्री कुलपति हुने, उपकुलपति विश्वविद्यालयको प्रमुख हुने, विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता कुलपतिले गर्ने र आवश्यकताअनुसार निर्देशन दिनेसहितको व्यवस्था प्रस्ताव गरिएको छ । नेपाल सरकारको शिक्षामन्त्री सहकुलपति हुने र निजले विश्वविद्यालयको निरीक्षण गर्न गराउन र आवश्यकताअनुसार निर्देशन दिनसक्ने व्यवस्था पनि विधेयकमा प्रस्ताव गरिएको छ । विश्वविद्यालयको कार्यकारी हैसियतमा कार्यसम्पादन गर्न विश्वविद्यालयमा एकजना उपकुलपति रहने र निजको कार्यकाल चार वर्ष रहने प्रावधान अघि सारिएको छ ।
यसैबीच, विश्वविद्यालयको पदाधिकारीलाई 'कुलपति, सहकुलपति र उपकुलपति' शब्दले सम्बोधन गर्ने परम्परागत शैलीलाई पनि परिवर्तन गरी अध्यक्ष, सहअध्यक्ष र उपाध्यक्ष राखिनुपर्ने विचार पनि बैठकमा उठान भयो । दुई दिनको छलफल र मन्त्रालयका पदाधिकारीको सुझावपछि समितिमा पुरानै व्यवस्थाअर्थात् कुलपति, सहकुलपति र उपकुलपति नै कायम गर्नेमा सहमति जुटेको छ । बैठकमा केही सदस्यले 'पति' लैङ्गिक हिसावले समेत त्यति व्यावहारिक नभएको भन्दै अध्यक्ष प्रणाली कायम गरिनुपर्छ भन्ने तर्क प्रस्तुत गरेका थिए । शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीले मुलुकमा स्वास्थ्य विज्ञानसम्बन्धी छाता संस्थाका रुपमा बन्न लागेको विश्वविद्यालयको ऐनमा कुलपतिमा प्रधानमन्त्री रहने व्यवस्था नै उपयुक्त भएको स्पष्ट गरे ।
उनले आगामी विधेयकमा 'पति' शब्द प्रयोग नगर्ने गरी विधेयक ल्याइने छ भन्नासाथ अन्य सदस्यले त्यसोभए राष्ट्रपति, समिति सभापति के गर्ने त भनी जिज्ञासा राखेका थिए । त्यसका लागि संविधान नै सशोधन गर्नु पर्ने अवस्था आउन सक्ने पक्षलाई विचार गर्न सुझाव दिए । बैठकमा धेरै सदस्यले मुलुकमा स्वास्थ्यसम्बन्धी पहिलो विश्वविद्यालय गठन हुन लागेकाले प्रधानमन्त्री नै कुलपति बन्दा न्याय हुने धारणा राखे । साथै केही सदस्यले मुलुकको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा खारिएको प्रबुद्ध व्यक्तिलाई त्यो जिम्मेवारी दिँदा उचित हुनेतर्क पनि गरेका थिए । समिति सदस्य सुरेश आलेमगरले भने, 'विशिष्टकृत स्वास्थ्य संस्थाको प्रमुखमा प्रधानमन्त्री हुँदा ओज र गरिमा फरक पार्छ । तर विश्वविद्यालयमा प्रधानमन्त्री वा विशेषज्ञ जो भए पनि फरक पर्दैन ।' समिति सदस्य मदनकुमारी शाहले विश्वविद्यालयको प्रमुखको जिम्मेवारी लिने व्यवस्थाले प्रधानमन्त्रीलाई कामका बोझ थपिने धारणा राखे । चिकित्सा शिक्षाको अध्ययनमा गुणस्तर कायम गर्दै स्वदेशमै यसको अध्ययन अध्यापनको प्रभावकारिता वृद्धि गरी देशका सबै क्षेत्रमा सन्तुलितरुपमा शैक्षिक जनशक्ति उत्पादन गर्दै नागरिकको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ । मुलुकको सन्तुलित विकास, अवसरको वृद्धि र सुलभरुपमा उपचार प्रदान गर्न आवश्यक व्यवस्थाका लागि सम्बन्धन दिन नपाउने गरी सरकारी विश्वविद्यालयका रुपमा राज्यले विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने लक्ष्यका साथ कानुन निर्माण गर्न लागिएको हो । हाल मुलुकमा १३ वटा विश्वविद्यालय र सो सरहका अन्य सात वटा कुलपति रहने प्रतिष्ठान सञ्चालनमा छन् ।

# ललितपुरसँग बराबरी खेल्दै वीरगंजले जोड्यो अंक




मधेशदृष्टि
वीरगंज ।

नेपाल सुपर लिग(एनएसएल)मा वीरगंज युनाइटेडले ललितपुर सिटी एफसीसँग बराबरी खेल्दै अंक बाडेको छ । मंगलबार त्रिपुरेश्वरको दशरथ रंगशालामा भएको खेलमा ललितपुरसँग वीरगंजले २–२ को गोलको बराबरी खेलेको हो ।
निकै रोमाञ्चक बनेको खेलमा वीरगंजले शीर्ष स्थानको होडमा रहेको ललितपुरलाई बराबरीमा रोक्दै अंक बटुलन सफल भएको हो । यसअघिका दुई खेलमा पराजय व्यहोरेको वीरगंजले तेस्रो खेलमा भने उत्कृष्ट प्रदर्शन ग¥यो । यता बराबरीसँगै ललितपुरले अंकतालिकाको शीर्ष स्थानमा उक्लिने मौका गुमाउन पुग्यो ।
चार खेलबाट ललितपुरले एक जित र तीन बराबरीका साथ दोस्रो स्थानमा छ । शीर्ष स्थानको धनगढी एफसीको भने तीन खेलबाट सात अंक छ । तीन खेल खेलेको वीरगन्जको भने एक अंक छ । वीरगन्जले खेलको १० औँ मिनेटमा नै मिडफिल्डर विलियम ओपकुको गोलबाट अग्रता लियो । तर वीरगन्जको अग्रता तीन मिनेट पनि टिक्न सकेन ।
१३ औँ मिनेटमा मिडफिल्डर सेसेहाङ आङ्दाङ्बेको लङ रेन्ज थ्रु बललाई सदुपयोग गर्दै फरवार्ड इमोन एजिकिलले सुन्दर गोल गरे । २७ औँ मिनेटमा ललितपुरले निखिल कदमको गोलमा अग्रता लियो ।
वीरगन्जले ५२ औँ मिनेटमा कृपाकान्त महतो थारुको गोलबाट खेलमा फर्कियो । दुवै टोलीले खेलका क्रममा केही राम्रा अवसर सृजना गरेका थिए तर अवसरलाई गोलमा परिणत गर्न नसक्दा खेल दुई दुई गोलको बराबरीमा टुंगियो ।

# जनहितमा बाधक कानुनमा सुधार गर्नुपर्छः गिरी

*‘मिश्रित चुनाव प्रणाली जनताले पचाएको र ग्रहण गरेजस्तो लाग्दैन, प्रतिनिधिसभालाई प्रत्यक्षतर्फको एक सय ६५ सिटमा सीमित गरी राष्ट्रियसभालाई समानुपातिक र समावेशी बनाइनुपर्छ ।’*



- समानुपातिक निर्वाचन प्रणालीमा गलत अभ्यास देखियो
- सरकार न सच्चिए समृद्धि प्राप्त गर्न कठिन हुने
- राजनीतिक दलमा अहिलेको कार्यशैली परिवर्तन आवश्यक
- हरेक कुरामा विदेशीसँग निर्भर हुने सोच र अवस्था अन्त्य गरिनुपर्छ

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता एवं सांसद दीपक गिरी मुलुक र जनहितमा बाधक देखिएका कानुन, अभ्यास र प्रणालीलाई तत्कालै सुधार गरी परिष्कृत तुल्याइनुपर्ने सुझाव दिन्छन् । उनी राज्यले अहिले अवलम्बन गरेको मिश्रित निर्वाचन प्रणालीले सरकारको स्थिरता र सदन सञ्चालनमा सहजता प्रदान गर्न नसकेको जनाउँदै त्यसमा सुधारको खाँचो औँल्याउँछन् । ‘सांसदसँग रासस संवाद’मा नेता गिरीले भने, ‘मिश्रित चुनाव प्रणाली जनताले पचाएको र ग्रहण गरेजस्तो लाग्दैन, प्रतिनिधिसभालाई प्रत्यक्षतर्फको एक सय ६५ सिटमा सीमित गरी राष्ट्रियसभालाई समानुपातिक र समावेशी बनाइनुपर्छ ।’ पार्टीभित्र पनि पछिल्लो समय यस्ता विषय निरन्तर उठिरहेको बताउँदै प्रतिनिधिसभाका सदस्य गिरीले ‘पूर्वाधार विकासका कार्यक्रम र योजनामा मात्र नभई कर्मचारीलाई तलब खुवाउन हम्मेहम्मे परेका बेला’ सानो सङ्ख्या र संरचनामै समावेशी बनाइनुपर्ने भनाइ राखे । राज्यका सबै अङ्गमा समानुपतिक र समावेशी प्रतिनिधित्व हुनुपर्छ भन्ने उद्देश्य राखिए पनि उम्मेदवारको ठिक छनोट नहुँदा समानुपातिक प्रणालीलाई समाजले ग्रहण गर्न अप्ठेरो मानिरहेको नेता गिरीले धारणा राखे । उनले भने, ‘हालको निर्वाचन प्रणालीले एउटै मात्र दलको सरकार गठन गर्न चुनौती खडा गर्यो, धेरै दलसँग गठबन्धन गरिँदा सरकार र सदन दुवै सहजसँग चल्न सकेन, अनि विकृति जन्म्यो ।’ राज्य संयन्त्रमा सबै समुदायको प्रतिनिधित्व होस्, सिंहदरबारको अधिकार गाउँमा पुगोस् भन्ने उद्देश्यलाई समानुपातिक निर्वाचन प्रणालीमा देखिएको गलत अभ्यासले धुमिल पारेको जनाउँदै सांसद गिरीले भने, ‘त्यसलाई न समाज न त व्यक्तिले नै पचाउन सके ।’ विसं २०३४ मा नेपाल विद्यार्थी सङ्घबाट राजनीतिमा प्रवेश गरेका नेता गिरीसँग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा स्वतन्त्र विद्यार्थी युनियनको महासचिव र २०७० मा संविधानसभा सदस्य भई काम गरेको अनुभव छ । उनी विसं २०७३ मा सिँचाइमन्त्रीको जिम्मेवारीमा तथा कांग्रेसको १२ औँ, १३औँ र १४औँ महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित भय । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सदस्य गिरीका अनुसार, गत एक वर्षमा संसद् त्यति राम्रोसँग चलेन, पटक–पटक अवरुद्ध भइ नै रह्यो । बैठक बसे पनि राम्रो नतिजा दिन सकेन । विधेयक केही मात्र पारित भए । विकास निर्माणमा सांसदको संलग्नताबारे उठेको प्रश्नबारे समाज, सरकार र राजनीतिक दलले जनतालाई बुझाउन सक्नुपर्ने औँल्याउँदै नेता गिरीले परिवारका स–साना समस्या र झगडा मिलाइदिन पनि ‘माननीय’लाई अनुरोध गरिँदै आएको घटना सुनाए । विकास निर्माणमा सांसद सहभागिता नहुने भए दलका चुनावी घोषणापत्रमै त्यो पाटो हटाउन आवश्यक रहेको बताउँदै उनले निर्वाचनमा सडक, सिँचाइ, स्वास्थ्यचौकी, विद्युतीकरण, खानेपानी र विद्यालयको आश्वासन दिएर आएपछि त्यसबाट उम्कन मिल्छ र भनी प्रतिप्रश्न गरे । उनको निर्वाचन क्षेत्रको मुख्य प्राथमिकता पुरानो विमानस्थल सञ्चालन, सडक विस्तार, सिँचाइ, तटबन्ध, झोलुङ्गेपुल, सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा, रोजगारी, उद्योग स्थापना र कृषकको हकहितका विषय रहेका छन् । समाजका सबै क्षेत्रमा गानिएको भ्रष्टाचार अन्त्यका लागि अब भाषणमा होइन व्यावहारिकरूपमा सरकार, राजनीतिक दल र समाज मिलेर कानुन कार्यान्वयनमा जोड दिनुपर्ने नेता गिरीको सुझाव छ । युवालाई विदेश पलायनबाट रोक्न र मुलुकलाई समृद्धितर्फ डोर्याउन अर्थनीतिलाई अलि फराकिलो बनाउन जरुरी रहेको बताउँदै उनले रोजगारी सिर्जना गर्न विकासको नयाँ ढाँचा तर्जुमा गर्नुपर्नेमा जोड दिए । सदनमा अनुशासन र मर्यादा कायम गर्न सांसद स्वयं र सभामुखको ठूलो भूमिका हुने बताउँदै सांसद गिरीले सदनमा हुने गतिविधिको अनुसरण देश र दुनियाँले गर्ने भएकाले विधायक स्वयं सो विषयमा सजग र सचेत हुनुपर्ने सुझाव दिए । सरकार र राजनीतिक दलको अहिलेको कार्यशैली परिवर्तन नगरे समृद्धि प्राप्त गर्ने सपना कठिन हुने जनाउँदै उनले राज्य प्रणालीले स–साना कुरालाई समयमै सम्बोधन नगर्दा समस्या बल्झने गरेको घटना र अनुभव सुनाए । उनले भने, ‘मुलुकलाई ठिक ढङ्गले अघि बढाउने दूरदर्शी व्यक्तिको खाँचो छ । त्यसको पूर्ति परिस्थितिले गर्न सक्छ । हरेक कुरामा विदेशीसँग निर्भर हुने सोच र अवस्था अन्त्य गरिनुपर्छ ।’ नेता गिरीले भ्रष्टाचार अन्त्यका लागि स्थापित संरचनाले नै कानुन कार्यान्वयनमा जोड दिँदै न्यायालय एवं अन्य निकायमा राजनीतिक भागबन्डामा व्यक्तिको नियुक्ति हुन नहुने सुझाव दिए ।

# हिमालय क्षेत्रका मानिसको जीवन सहज बनाउन राष्ट्रपतिको आग्रह



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनको असर न्यूनीकरण गरी हिन्दूकुश हिमालय क्षेत्रका मानिसको जीवन सहज बनाउन आग्रह गरेका छन् । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय क्षेत्र विकास केन्द्र (इसिमोड) को ४०औँ वार्षिकोत्सवका अवसरमा मंगलबार ललितपुरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले हिमालमा हिउँ पग्लने, हिमताल फुट्ने, पहाडमा पहिरो जाने र दक्षिण तटमा बाढीले गर्दा जलवायु परिवर्तनजन्य घटनाका कारण अर्थतन्त्र, वातावरणीय प्रणाली र मानवतालाई ठूलो हानि–नोक्सानी पुगिरहेको बताए । ‘नेपालजस्ता मुलुकले हरितगृह ग्यास उत्सर्जन र जलवायु परिवर्तनमा शून्यसरह योगदान गरे पनि यहाँ जलवायु परिवर्तनको प्रभाव अत्यधिक छ’, राष्ट्रपति पौडेलले भने, ‘केही समयअघि संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमणका क्रममा मैले कार्बन उत्सर्जनको कारक नभएर पनि नेपालले भोग्नुपरेको जलवायु परिवर्तनको असरको मार सम्बन्धमा विश्वको ध्यानाकर्षण गराउन गरेको आग्रह यस अवसरमा स्मरण गराउन चाहन्छु ।’

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको प्रभाव घटाउन तयार पारिएका वित्तीय र प्राविधिक सहयोगको मुख्य हकदार नेपाललगायत जलवायु परिवर्तनको प्रभावको मारमा परेका मुलुकहरू भएको विषय बिर्सन नहुने बताए । नेपाल इसिमोडको संस्थागत विकास र समग्र हिन्दूकुश हिमालमा अवस्थित पर्वतीय क्षेत्रको दिगो विकासका लागि सधैँ प्रतिबद्ध रहेको र भविष्यमा समेत नेपालको सहयोग जारी रहने उल्लेख गरे । राष्ट्रपति पौडेलले हिन्दूकुश पर्वतीय शृङ्खला यस क्षेत्रका लागिमात्र नभएर संसारकै लागि खाद्यान्न, ऊर्जा, पानी, सांस्कृतिक र जैविक विविधताका लागि महत्वपूर्ण सम्पत्तिका रुपमा रहेको स्मरण गराए । हिन्दूकुश हिमालयको पर्यावरणीय सेवाको छातामुनि संसारका एक चौथाइ मानव जीवन आश्रित भएकाले यो क्षेत्रको संरक्षण कति महत्वपूर्ण छ भन्ने स्पष्ट भएको देखिएको राष्ट्रपति पौडेलको भनाइ छ । उनले विश्व मानव सिर्जित जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र वातावरणीय प्रदूषणका कारणले सङ्कटमा रहेका बेला पहाडी संवेदनशील भू–बनौट र कमजोर आर्थिक सामाजिक कारणले हिन्दूकुश हिमालयजस्ता पर्वतीय हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव अझ व्यापक भएको बताए । पर्वतीय हिमाली क्षेत्रको जलवायु परिवर्तन, वातावरणीय र जैविक विविधताको ह्रासबाट हुने प्रभावहरू राष्ट्रिय सीमानाभित्र मात्रै नभई सीमापारि र विश्वस्तरमा समेत पर्न जाने भन्दै राष्ट्रपति पौडेलले सदस्य राष्ट्रहरूले यस्ता समस्या समाधान गर्न एकजुट भएर सहकार्य गर्न र साझा मुद्दाहरू अन्तर्राष्ट्रियस्तरमा एकमत भई उठाउन सम्बद्ध पक्षलाई आह्वान गरे । हिन्दूकुश हिमाली क्षेत्रबाट वातावरणीय सेवा प्राप्त गर्ने र यसको प्रभाव क्षेत्रमा रहेका झन्डै दुई अर्ब जनता तथा सामुद्रिक तटका देशहरूलाई समेत साथ लिई थप सहकार्य गर्नु उपयुक्त हुने उनले सुझाव दिए । राष्ट्रपति पौडेलले नेपाल सरकारले जलवायु परिवर्तन, वातावरणीय ह्रास, विपद् जोखिम न्यूनीकरण, जैविक विविधता संरक्षण, जीविकोपार्जनसम्बन्धी मुद्दामा छिमेकी मुलुक र अन्तर्राष्ट्रिय साझेदारसँगको सहकार्यलाई प्राथमिकतामा राखेको उल्लेख गरे । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले पर्वतहरुले पृथ्वीमा जलवायु अनुकूलनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले हिमालय क्षेत्रलाई विश्वको सम्पत्ति मानेर यहाँको दिगो र समावेशी विकासका लागि सहकार्य बढाउन आवश्यक रहेको बताए । नेपालका लागि नर्वेली राजदूतावासका राजदूत एवं इसिमोड सहयोग समूहका तोरुण ड्रम्डलले हिमालय क्षेत्रको विकासमा सहयोग निरन्तर रहने बताए । इसिमोड सञ्चालक समितिका अध्यक्ष डासो कर्म छिरिङले सदस्य राष्ट्र, साझेदार संस्था र पक्षबीचको साझा प्रयासबाट यस क्षेत्रको विकास र संरक्षण गर्नुपर्नेमा जोड दिए । इसिमोडका महानिर्देशक डा पेमा ग्याम्स्शो ४० वर्षे ज्ञान र सिकाइको अनुभवका आधारमा आगामी यात्रा तय गरिने जनाए । नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)बीच सम्झौता भई हिन्दूकुश हिमाली पर्वतीय भेगको एकीकृत विकास, अध्ययन, अनुसन्धान तथा अन्य आवश्यक काम गर्न इसिमोडको स्थापना भएको थियो । यसले अफगानिस्तान, चीन, नेपाल, पाकिस्तान, बङ्गलादेश, भारत, भूटान तथा म्यानमारमा कार्य गर्दै आएको छ ।

नेपाल सरकारले इसिमोडको व्यवस्था गर्न छुट्टै कानुन तर्जुमा गरी आवश्यक जनशक्ति र सुविधासमेत उपलब्ध गराएको छ । इसिमोडको केन्द्रीय कार्यालय स्थापना गर्न नेपाल सरकारका तर्फबाट आवश्यक जमिन तथा गोदावरीको लिभिङ माउन्टेन ल्यावका लागि पर्याप्त वनक्षेत्र पनि उपलब्ध गराइएको छ । केन्द्रले राष्ट्र अफगानिस्तान, चीन, नेपाल, पाकिस्तान, बङ्गलादेश, भारत, भूटान तथा म्यानमारमा कार्य गर्दै आएको छ ।

# उपकरण बिग्रिँदा मिर्गौला बिरामी मारमा



**रासस**
**तनहुँ ।**
जिल्लामा मिर्गौलासम्बन्धी रोगका बिरामी बढ्दो अवस्थामा रहँदा हाल सञ्चालित एकमात्र डायलासिस केन्द्रको उपकरण बिग्रँदा बिरामी मारमा परेका छन् । तनहुँ सदरमुकामस्थित दमौली अस्पतालमा सञ्चालित शत्रुघ्न–मञ्जु मिर्गौला डायलासिस केन्द्रमा डायलासिस उपकरण बिग्रिँदा बिरामी मर्कामा परेका हुन् । उपकरण बिग्रिएपछि बिरामी र बिरामीका परिवार पालो कुर्दासमेत उपचार गराउन नपाउँदा चिन्तामा परे पनि डायलासिस गर्न आउने बिरामीलाई सहज रूपमा सेवा दिन नसकिएको डायलासिस सेवा शाखाका इन्चार्ज शैलेन्द्र पण्डितले जानकारी दिए । उनले भने, ‘केन्द्रमा रहेका १३ वटा उपकरणमध्ये हाल चारवटामात्र चलेको छ । नौवटा बिग्रिएर बसेको छ । बिरामीका चाप धान्नै मुस्किल भएको छ । बिग्रिएको उपकरण बनाउन प्राविधिक काठमाडौँबाटै आएर बनाउँदा पनि केही समयका लागिमात्र भयो फेरी तत्काल मर्मत गर्न सकिएको छैन । अस्पतालमा बायोमेट्रिक टेक्निसियनको दरबन्दी नहुँदा उपकरण बिग्रिएपछि बनाउन बाहिरबाट प्राविधिक ल्याउनुपर्छ ।’ ‘पालो पर्खिएका बिरामी पनि बढेकाले उपकरण बिग्रिएपछि तिनको तथ्याङ्क सङ्कलन गर्नसमेत सकस भएको छ’ इन्चार्ज शैलेन्द्र पण्डितले भने, ‘उहाँहरुको आशा पालो पाइन्छ कि भन्ने हुन्छ तर अहिलेसम्म अपडेट गरिएको छैन । पुराना उपकरण बनाउँदा पनि चलाउने सम्भावना नरहेकाले अहिले दैनिक १६ जनाले मात्र डायलासिस गराइरहनुभएको छ ।’ उनका अनुसार ७० जना मिर्गौलाका बिरामीले नियमितरुपमा डायलासिस गराइरहेका छन् । हालसम्म ३० जनाभन्दा बढीले पालो पर्खिरहेका छन् । हामीले फलोअप गर्दा आशा लागेका बिरामी निराश हुने अवस्था छ । तथ्याङ्क फलोअप नै गरिएको छैन । दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले डायलासिस केन्द्रमा अधिकांश उपकरण बिग्रँदा सेवा प्रवाहमा सकस भएको बताए । उनले भने, ‘विभाग, मन्त्रालयलगायत सम्बन्धित निकायमा यसबारे पटकपटक ध्यानाकर्षण गराएँ । तर, सुनुवाइ भएको छैन ।’ चारवटा उपकरण मात्रै सञ्चालन हुँदा मध्यरातसम्म कुरेर बिरामीले डायलासिस गर्नुपरेको छ । अध्यक्ष थापाले भने, ‘धेरै उपकरण बिग्रिएकाले चार घण्टासम्म गर्नुपर्ने डायलासिस तीन घण्टामात्र गरिएको छ । बिरामीको चाप धेरै हुँदा मध्यरातसम्म बसी बिरामीले पालो कुरेर उपचार गर्ने गर्नुभएको छ ।’ डायलासिस केन्द्रमा नियमितरूपमा डायलासिस गराउँदै आएकामा उपकरण बिग्रिएपछि सबैलाई समयमै पालो दिन डायलासिसको समय घटाइएको उनले जानकारी दिए । माग धेरै छन् तर सबैलाई सेवा दिन नसकिएको समितिले जनाएको छ । विसं २०८० जेठ १७ गते राष्ट्रिय मिर्गौला उपचार केन्द्र काठमाडौँको प्राविधिक टोली आएर बिग्रिएका उपकरण मर्मत गरी सञ्चालनमा ल्याए पनि पुनः ती उपकरण बिग्रिएका छन् । तीस जना बिरामी पालो कुरेर बसेका छन् । अध्यक्ष थापाले भने, ‘प्रदेश सरकार र सङ्घीय सरकारसँग उपकरण थप गरी सेवा सहज बनाउन र बिग्रिएका उपकरण बनाउन बारम्बार माग गरे पनि सुनुवाइ भएको छैन ।’ विभागबाट अस्पतालका लागि पाँचवटा उपकरण पठाइएकामा दुईवटा यहाँ छाडेर प्रदेश सरकारले तीनवटा लगेपछि यहाँ अहिले सेवा प्रवाह गर्नै मुस्किल भएको उल्लेख गर्दै अध्यक्ष थापाले भने, ‘प्रदेश सरकार जिम्मेवार नहुँदा समितिले काम गर्न नसकेको अवस्था छ । पठाएको उपकरण नै प्रदेशले लगेपछि अहिले तत्काल पठाउन नसकिएको विभागले जनाएको उनले सुनाए । अस्पताल प्रदेश मातहत भएपछि प्रदेश सरकार समयमा जिम्मेवार भएमा सेवा प्रवाह सहज बनाउने सकिने अध्यक्ष थापाको भनाइ थियो । विसं २०७२ मङ्सिर ३ गते देशभरका जिल्ला अस्पतालमध्ये दमौली अस्पतालमा पहिलोपटक डायलासिस केन्द्र स्थापना भएको थियो । हेल्थ केयर फाउन्डेसन अफ नेपालले दमौली अस्पतालमा डायलासिस केन्द्र स्थापना गरेको हो । केन्द्रमा सुरुमा एक करोड २० लाख रुपैयाँको लागतमा छ वटा डायलासिस उपकरण जडान गरी सेवा प्रवाह गर्न थालिएको थियो । पछि तीनवटा उपकरण थप गरिएको हो । केन्द्रका लागि मञ्जु उपाध्यायले आफ्ना स्वर्गीय पति शत्रुघ्न उपाध्यायको स्मृतिमा दमौली अस्पतालमा एक करोड रुपैयाँ सहयोग गरेका थिए भने पछि उपकरण थप गर्न २५ लाख सहयोग गरेका थिए । जिल्लामा डायलासिसका लागि सेवा नहुँदा मिर्गौला पीडितलाई यसअघि अन्यत्रै जिल्लामा गएर सेवा लिनुपर्ने बाध्यता थियो । यहाँ तनहुँलगायत लमजुङ, गोर्खा, कास्कीका बिरामी उपचाररत छन् ।

# माघ २ गतेसम्म सहुलियत पसल सञ्चालन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले दशैँ, तिहारलगायत चाडबाडलाई लक्षित गरी सञ्चालनमा ल्याएको सहुलियत पसललाई माघ २ गतेसम्मका लागि निरन्तरता दिएको छ । चालु आर्थिक वर्ष २०८०÷८१ को चाडबाड लक्षित सहुलियत पसल असोज २१ देखि मङ्सिर ३ गतेसम्म सञ्चालन गर्ने गरी प्रथम चरणको कार्यक्रम निर्धारण भएकोमा समयसीमा बढाएर माघ २ गतेसम्म पु¥याइएको कम्पनीका सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले जानकारी दिइन् । यसवर्ष सहुलियत पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था कम्पनीलाई दुई करोड ३२ लाख २० हजार रुपैयाँ बजेट उपलब्ध गराएको थियो ।

रकम बचत हुन गएमा त्यसपश्चात्का चाडपर्वमा पनि सहुलियत पसल सञ्चालन गर्ने निर्णयअनुसार निरन्तरता दिइएको सुवेदीको भनाइ छ । सहुलियत मूल्य पसलमा सबै किसिमको चामल, दाल, गहुँ, आटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भटमासको तेल र चिउरा अहिलेको बजार मूल्यभन्दा प्रतिकिलो सात रुपैयाँले सस्तोमा बिक्री वितरण भइरहेको छ । त्यस्तै, कर्णालीको सिमी तथा गेडागुडी, फापरको दाना, चिनो, कागुनो र उवामा प्रतिकिलो १० रुपैयाँ छुट दिइएको छ । खाद्य व्यवस्था कम्पनीले प्रवद्र्धन गरिरहेको ‘नेपाल फुड’ ब्राण्डका खाद्य सामग्रीमा यो अवधिसम्मका लागि निःशुल्क अनलाइन होम डेलिभरीको सुविधा पाइने पनि कम्पनीले जनाएको छ । खाद्य व्यवस्था कम्पनीको काठमाडौँ उपत्यकासहित देशभरका ५० स्थानमा सहुलियतपूर्ण स्टल छन् । चाडबाडको समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ । यस्ता पसलबाट खाद्य वस्तुमा बजार मूल्य नियन्त्रण हुने तथा गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रुपमा उपलव्ध गराउने उद्देश्य सरकारले राखेको छ ।

कसैको प्रेम सुन्दरतासँग वृद्धि भइरहेको हुन्छ किनभने प्रेमको हृदय सुन्दरता हो।
–सेन्ट अगस्टाइन

## सम्पादकीय

# बजेट फ्रिज गफमा सीमित

नेपालको भौगोलिक हिसाबले खेलकुदको विकास प्रवद्र्धधनका लागि तराई मधेशमा जति सहजताले खेल मैदान तयार गर्न सकिन्छ । पहाडी जिल्लामा सहजता निकै कम छ । यसैले पनि तराईका जिल्ला त्यसमा पनि खास गरेर मधेशमा सहजता छ । किनकि मधेशका जिल्लामा ३–४ वटा भन्दा बढी खेल मैदान छन । एक जिल्लामा कम्तीमा एक खेल मैदानको स्तर उन्नति गर्न सके प्रदेशले खेल क्षेत्रमा फड्को मार्ने सम्भावना छ । जसको उदाहरण पछिल्लो समय पोखरामा सञ्चालित केपी ओली कप टी–२० क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले पहिलो जित हात पारेर चर्चा कमाएको छ । सिंगो विश्व, दक्षिण एसियामा भारत र पाकिस्तानसँगै नेपाल अनि अहिले मधेश प्रदेश पनि क्रिकेटको रोमाञ्चकतामा मोहित मात्र छैन, अब्बलखेल प्रदर्शन गरेर मधेश प्रदेशको नाम रोशन गर्दै फर्केको छ । यो उपलब्धी सानो होइन । प्रदेशहरुमा मधेश प्रदेश क्रिकेटमा फड्को मारिरहेको देशसँगै । प्रसंग मधेशसँगै जोडौँ । ‘खेलेगा मधेश खिलेगा मधेस’को नाराका साथ मधेश सरकारले २०७५–७६, खेलकुदका लागि ९ करोड ७४ लाख रुपैयाँ वितरण गरेको थियो र केही खेल मैदान तथा पूर्वाधार विकासका विषय पनि समेटिएका थिए ।

२०७६–७७ मा जनकपुर, वीरगंज, राजविराज, जलेश्वरलगायतका स्थानमा रङ्गशाला तथा मैदान निर्माण गरिने कार्यक्रम अन्र्तगत १२ करोड ८० लाख रुपैयाँ विनियोजन भएको थियो । त्यसपछि क्रमशः पछिल्ला तीन वर्षमा सरकारले खेलकुदमा २ अर्ब २४ करोड रुपैयाँ, २ अर्ब ४ करोड रुपैयाँ, ३ अर्ब ९९ करोड रुपैयाँ लगानी गरेको छ । तर मधेश प्रदेशमा खेलकुद क्षेत्रको अवस्था सोचे भन्दा दयनीय छ । मधेश प्रदेशमा खेलका पूर्वाधार विकासको जग बस्न सकेको देखिँदैन । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८०–८१ बजेटमा २५ करोड रुपैयाँ ११ औँ राष्ट्रिय खेलकुद आयोजना मधेश प्रदेशमा गर्न विनियोजन गरेको छ । मधेशको के कुरा भयो र मुलुकको खेल क्षेत्रमा भ्रष्टाचार चुलिएको छ, मौलाएको छ । भ्रष्टाचारकै आशङ्कामा केही अघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीलाई पक्राउ गरेको घटना हेर्दा पनि हाम्रा खेल सङ्घहरू कसरी चलिरहेका छन्, अनुमान गर्न कठिन हुँदैन । राष्ट्रमा ख्याति कमाएका व्यक्तिहरूका नामबाट खेलक्षेत्रदेखि लिएर हरेक क्षेत्रमा नाम राख्ने र उद्घाटन गर्ने चलन प्रशस्त छन् । त्यसपछि बजेट पनि आउँछ । कति फ्रिज हुन्छ, अनि भ्रष्टाचार हुन्छ । त्यसको समाचार दैनिकजसो हामी पढिरहेकै छौँ–पढाइरहेकै छौँ ।

राष्ट्रिय आयोजना नामकरण गर्दै राष्ट्रिय–अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने भनेर सप्तरीको कञ्चनरुप नगरपालिकामा साढे ८४ करोड रपैयाँ भन्दा बढीको लागतमा निर्माण हुने भनिएको मदन भण्डारी खेलग्रामको हालत पनि यस्तै छ । संघीय सरकारबाट आएको ७ करोड रकम फिर्ता भएको तत्थ सार्वजनिक भएकै छ । २०७९ चैतमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले खेलकुद पूर्वाधारमा मधेश प्रदेशलाई देशकै नमूना बनाउने भाषण नै ठोके पनि अहिलेसम्म उपलब्धी शून्य देखिएको छ । मधेश प्रदेशमा खेलकुदको व्यापक सम्भावना भए पनि पूर्वाधारको अभाव छ । बजेट छ तर विनियोजन भएको बजेट फ्रिज छ, नेता र सरकारको मुख चलिरहेको छ । आएको बजेट अनुसार योजना चले क्रिकेटमा जस्तै अन्य विधामा पनि मधेशका खेलाडी चल्छन् भन्ने बुझन किन ढिलाई ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# झारा टराइ र शैक्षिक गुणस्तर



सञ्जय साह मित्र

तलब नपाएर र तलब पाउने कुनै उपाय नपाएर शिक्षकहरु आन्दोलनमा उत्रेपछि समाजले शिक्षाको गुणस्तर खस्कनुमा शिक्षकको दोष देख्छन्। शिक्षकको समस्या समाधान गर्नमा कोही अगाडि सर्दैन र शिक्षकको समस्या समाधान नहुँदा आफ्ना सन्तानहरुको भविष्य सपार्ने सपनामा पनि समस्या आइरहेको छ भन्ने कुरो बुझ्दैनन् वा बुझेर पनि बुझ पचाउँछन्। सर्लाहीका दुई पालिकामा करिब एघार हजार बालबालिकाको पठनपाठन प्रभावित हुँदा पनि नागरिक समाजले किन यस्तो समस्या आयो भनेर जिम्मेवारलाई सोध्ने काम गरेका होलान् तर यस किसिमको समस्या ल्याउने वातावरण नबनाउन कस्तो किसिमले काम गर्नुपर्ला भनेर कसले पो विचार गरिदिने हो। हरेक जिम्मेवार पक्षले आफ्नो भूमिका होइन वा आफूलाई कुनै मतलब छैन भनेर पन्छिने हो भने समस्या झन् बल्झिन्छ किनभने समयले कसैलाई पनि पर्खिदैन। समयको नदी निरन्तर बगिरहन्छ, हामी सुतेको भए पनि।

अझै कतिपय गाउँपालिका तथा नगरपालिकाको बजेट अधिवेशन वा सभा हुन बाँकी छ। गाउँ सभा तथा नगर सभा हुन नसकेका पालिकाका कर्मचारीहरुलाई निकै अप्ठ्यारो छ। बारा जिल्लाको एउटा विद्यालयमा कार्यरत एक जना शिक्षकको तलब नपाएर मृत्यु भएको समाचार आएको थियो। लामो समयदेखि तलब नपाउँदा शिक्षकलाई कसले पो उधारो दिइरहन्छ। घरपरिवार कसरी चल्छ ? कतैबाट विचार गरिएको हुँदैन। बाहिरबाट आएर शिक्षण गरिरहेकालाई तलब नपाउँदा व्यावहारिक तथा मानसिक समस्या हुने गर्दछ।

हरेकलाई हुन्छ कि तलब आएपछि यो काम गर्छु। हरेक सामान्य मानिसलाई यहाँबाट यति पैसा आएपछि यो काम गरिहाल्नु छ भन्ने हुन्छ। यसबाट शिक्षक चाहिँ वञ्चित हुनुपर्ने अवस्था आउँदा तिनले अध्यापन राम्ररी गर्न पाउँछन् ? एउटा भनाइ यहाँ सान्दर्भिक लाग्छ – जस्तो अन्न, त्यस्तो मन। अर्थात् मानिसले जस्तो भोजन गर्दछ, उस्तै उसको मन हुने गर्दछ। काम गर्नको लागि ऊर्जा यही अन्नबाट आउने हो। यदि पेटमा अन्न नै छैन भने कति दिनसम्म आफूलाई ऊर्जावान बनाइरहने ?

सर्लाहीको दुई पालिकाका गत हप्ता धरनामा बसेको समाचार आएको थियो। यसै गरी रौतहटको एउटा पालिकाको पनि नगरसभा हुन सकेको छैन। बारामा एक जना शिक्षक नै मर्नु प¥यो। यसरी ब्यष्टिमा हेर्दा अझै धेरै किसिमका समस्याहरु देखा पर्छन्। जहाँ शिक्षकको कुनै संलग्नता नै हुँदैन त्यहाँ शिक्षकलाई तलब रोक्ने काम हुन्छ। गाउँ वा नगरले विद्यालयमा कार्यरत शिक्षकको तलब यसकारण रोक्ने नियम छ कि परिषद् होस्। परिषद्सित विद्यालयका शिक्षक र कर्मचारीको खासै कुनै सरोकार नै हुँदैन। वर्तमान अवस्थालाई हेर्ने हो भने कुनै पनि बजेट निर्माणमा शिक्षकको भूमिका हुन्छ ? शिक्षकले बजेट नबनाउन, आफ्नो सुविधा बढाउन वा अन्यको सुविधा घटाउन वा कतैको विकासको बजेट घटबढ गराउन कुनै भूमिका खेल्छन् ? शिक्षक र विद्यालय कर्मचारीको तलबको पालिकाको परिषद्सित नियमले गाँसिएको छ। जबसम्म बजेट पारित हुँदैन तबसम्म तलब आउँदैन। सर्लाहीको कतिपय विद्यालयले त विद्यालयको दैनिक कार्य सञ्चालन गर्न पनि बजेटको अभाव भएको बताइरहेको छ। दैनिक कार्य सञ्चालन गर्न पनि नसकिने अवस्था भन्नुको अर्थ विद्यालयलाई सञ्चालनका लागि चक, डस्टर वा मार्कर, मसी तथा अन्य स्टेसनरी सामान पनि किन्न सक्ने अवस्था नहुनु हो। हो, कतिपय विद्यालय यस्ता छन् जहाँ केही स्रोतहरु छन् जहाँबाट पैसा आउँछ तर कतिपय विद्यालयहरु केवल र केवल अनुदानबाट चलेका छन्। नेपाल सरकारले सामुदायिक विद्यालयमा कक्षा पाँचसम्म अध्ययनरत बालबालिकालाई दिवा खाजावापत रकम उपलब्ध गराउने गरेको छ तर परिषद् हुन नसकेको पालिकाका विद्यालयमा भने यो कार्यक्रम पनि प्रभावित हुन पुगेको सुनिएको छ।

विद्यालयको पठनपाठनसँग सम्बन्धित कुरो बालबालिकाको शिक्षा वा भविष्यसित सम्बन्धित कुरो हो। यसलाई अभिभावकहरुले नबुझेका हैनन्। बालबालिकालाई पढाउने शिक्षक तथा बालबालिकालाई आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउने कुरालाई रोक्ने वातावरण नै बन्न दिनु भएन। बालबालिका विद्यालयमा केवल पढ्नका लागि जान्छन् भन्ने होइन। बालबालिकाको व्यक्तित्व निर्माणको विभिन्न क्षेत्र विद्यालयसित जोडिएका हुन्छन्। विद्यालयमा विभिन्न प्रतियोगिताहरु गराइन्छन् र विभिन्न अन्य अवसरहरु पनि विद्यालयमा हुने गर्दछन्। अहिले रेडक्रस सोसाइटीले देशभरका विद्यालयमा रहेका जुनियर तथा युवा रेडक्रस सर्कलमा आबद्ध बालबालिका लागि निबन्ध, कविता तथा चित्रकला प्रतियोगिताको लागि आह्वान गरेको छ। यदि विद्यालय नै बन्द छ वा विद्यालयमा सूचना पुग्ने संयन्त्रको अभाव छ वा शिक्षकले कुनै थप कार्यक्रम गराउने मनोविज्ञानमा छैनन् भने यस अवस्थामा विद्यार्थीको यस प्रकारको सिर्जनात्मक क्षमता अभिवृद्धिमा सहयोग पुग्दैन। विद्यालयमा हुने हाजिरीजवाफ, खेलकुद तथा अन्य गतिविधिले बालबालिकाको शारीरिक, मानसिक, सम्वेदात्मक तथा अन्य विकासमा सहयोग गरिरहेका हुन्छन्। बालबालिकाको सामाजिकीकरणमा विद्यालयले अहम भूमिका खेलिरहेको हुन्छ।

यसै त मधेशको शिक्षा कमजोर छ भनिन्छ। यो ठिक होला वा नहोला भन्ने तर्क एउटा छ तर कमजोर हुनुमा वा जति अपेक्षा छ त्यस अनुसारको सुधार नहुनुमा वा विद्यालयले अपेक्षित रुपमा समाजमा परिणाम दिन नसक्नुमा के कस्ता कारणहरु रहेका छन् ? ती कारणहरुको निवारण कसरी गर्न सकिन्छ ? यी र यस्ता सिर्जनात्मक विषयमा गम्भीर हुनु परेको छ। अहिले गम्भीर नहुने हो भने दुनियाँ कहाँबाट कहाँ पुगिसक्यो शिक्षाको क्षेत्रमा तर हाम्रो समाज भने झन् पछाडि पर्न सक्छ। विद्यालय नै बन्द हुने तथा कम्तीमा तलबको अभावमा शिक्षकहरुको मनस्थिति पढाउन सक्ने अवस्थाको सिर्जना हुनु निकै दुर्भाग्यपूर्ण हुन्छ। सम्बन्धित पालिकाका जिम्मेवारहरुले कम्तीमा विद्यालय र स्वास्थ्य क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई तलब, भत्ता र अत्यावश्यक सामग्री खरिदको वातावरण बनाउनु पर्छ।

विमति होला, असहमति होला, मनोमालिन्य होला तर शिक्षा र स्वास्थ्यलाई चाहिँ यस प्रकारको विमति, असहमति र मनोमालिन्यको छायाबाट मुक्त राख्न सकियो भने हाम्रो समाजमा नै शिक्षा र स्वास्थ्य राम्रो हुने हुन्छ। हाम्रो आफ्नो समाजको शिक्षा र स्वास्थ्यप्रति गम्भीर हुनै परेको छ अन्यथा अँध्यारो युगतिरको यात्रा सुरु गरेका रहेछौँ भन्ने हुन जान्छ।

शिक्षा सबेको सरोकार हो। स्वास्थ्य सबैको सरोकार हो। शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रमा कार्यरत कर्मचारी तथा शिक्षकहरुले स्थायी नियुक्ति पाएका हुन्छन्। तिनीहरुमध्ये अधिकांशको तलब र भत्ता संघ सरकारले उपलब्ध गराएको हुन्छ। पालिकाको विकास तथा निर्माणको लागि पालिकाको आफ्नै स्रोत, प्रदेश तथा संघ सरकारले बजेट उपलब्ध गराएको हुन्छ। विकास त सबैको हुनुपर्छ। विकासको अर्थ भौतिक पूर्वाधारको रकमलाई उपयोग गर्नु मात्र होइन। भौतिक पूर्वाधारसित सम्बन्धित विकास निर्माणको कार्यलाई लिएर मात्र बढी मनोमालिन्य हुने गरेको छ। यसअवस्थामा भौतिक पूर्वाधार तथा विकास निर्माण र अन्य पक्षको बजेट रकमलाई थाँती राखेर जनप्रतिनिधिहरुले कम्तीमा जसको रकम संघ सरकारले सेवा गर्नको लागि उपलब्ध गराएको हुन्छ, त्यो रकम सम्बन्धित शिक्षक तथा कर्मचारीको हातमा पुग्ने वातावरण बनाउनु पर्छ। पालिकामा आएको वार्षिक रकमलाई कम्तीमा दुई किसिममा बाँडेर शिक्षक तथा कर्मचारीको रकमलाई निकासा दिने गरी प्रावधान बनाउनु अहिले न्यायोचित देखिएको छ।

सबैले बुझेको सत्य हो – उमेरमा कोही पढ्न पाउँदैनन् भने पछि पढ्न सक्दैनन्। यस्ता धेरै मानिस छन् जो पढाइको उमेर बितेपछि पढ्न नपाएको पछुतो मान्ने गरेका छन्। आफूले पनि पढ्न पाएको भए कम्तीमा यत्तिसम्म गर्न पाउँथे भन्ने पछुतो गर्नेहरुमा मुख्य गरी सँगै पढेको साथी वा आफन्त वा दाजुभाइले आर्थिक प्रगति वा पदीय मर्यादा वा अन्य किसिमले सम्मान पाउँछन्। यत्ति बेला पढ्न नपाएकामा पछुतो मानेर आफ्ना सन्तानलाई राम्ररी पढाउन चाहन्छन्। कतिपय त यस्तालाई देखेर भित्रभित्रै जलन पनि गर्दछन्। र, यो अर्को कालो सत्य हो – केही विद्यार्थीहरु विद्यालयमा पढाइ नहुँदा वा छुट्टी हुँदा खुसी हुन्छन्। यी दुवैको अन्तर्यमा यही कुरो लुकेको देखिन्छ कि शिक्षालय बन्द हुनु हुँदैन अर्थात् बालबालिकालाई विद्यालयमा हुने पठनपाठनको वातावरण कमजोर हुनुहुँदैन। विद्यालयका बालबालिकाको पढाइलाई रोक्ने कुनै पनि गतिविधिलाई नियन्त्रण गर्नुपर्दछ। हो, हाम्रा जनप्रतिनिधिहरु विकासप्रति सम्वेदनशील छन्, विकासको काममा व्यापक विमर्श चाहन्छन् वा कतिपय अवस्थामा जुँगाको लडाइ लडिरहेका छन्। जनप्रतिनिधिहरुलाई पालिकाको विकासको साथै शिक्षालाई पनि सुधार्ने दायित्व रहेको बुझ्नै परेको छ। नबुझेका होइनन्, यस्ता कुरा बुझेरै विकासको लागि प्रयास गरेका छन्। जनप्रतिनिधिहरुले बुझेर नै विद्यालयमा राम्रा राम्रा भवनको निर्माण गरेका छन्, गराएका छन्। तर भवनको उपयोगिता पनि गराउनु परेको छ। भवनको उपयोगिता भन्नु चाहिँ शिक्षाको प्रयोजन नै हो। भवन देखाउनको लागि मात्र होइन। यसमा पठनपाठनको राम्रो व्यवस्था र व्यवस्थापन हुनु परेको छ। यसको लागि थप प्रयास पनि गर्नु उचित हुन्छ।

व्यवस्था र व्यवस्थापनमा भौतिक र अभौतिक दुवै पर्दछन्। अभौतिक व्यवस्थापन भन्नु नै पढाइको वातावरण पनि हो। शिक्षकहरु, विद्यार्थीहरु तथा अभिभावकहरु सबैलाई सन्तुष्ट गराउन सक्नु हो। शिक्षकहरुलाई समयमा नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिक उपलब्ध गराइदिनै पर्छ। यो अति न्युनतम शर्त हो वातावरणको। शिक्षकहरु समयमा विद्यालय गए नगएको, विद्यालयमा गएर पनि आफ्नो काम गरे नगरेको, विद्यालयको अन्य विषय र क्षेत्रमा रहेका कमी कमजोरीलाई शिक्षकहरुको सहयोगमा कसरी सुधार गर्न सकिन्छ, विद्यालयमा के कति योगदान दिँदा पठनपाठन र अन्य अतिरिक्त क्रियाकलापमा सुधार हुन सक्छ, विद्यार्थीको चौतर्फी विकासको लागि शिक्षकलाई कसरी बढी प्रोत्साहन गर्न सकिन्छ, कसरी वातावरण बनाउन सकिन्छ, अझ सम्भव हुन्छ भने अतिरिक्त क्रियाकलापको वातावरण कसरी बनाउन सकिन्छ, जनप्रतिनिधिको रुपमा विद्यार्थीलाई के कति तथा कसरी प्रोत्साहन गर्न सकिन्छ, अरुलाई पनि विद्यालयमा कसरी जोड्न सकिन्छ वा तिनको योगदान विद्यालयमा भित्र्याउन सकिन्छ जस्ता विषय र पक्ष रहेका जहाँ जनप्रतिनिधिहरुले निकै राम्रो योगदान दिन सक्छन्। विद्यालयका बालबालिकाको भविष्यको लागि निकै सकारात्मक र असल काम वा अभ्यासहरु गर्ने वातावरण निर्माण गर्न सक्छन्। जनप्रतिनिधिहरु औपचारिक रुपमा विद्यालयका रेखदेखकर्ता हुन् भने सबै बालबालिकाका अनौपचारिक अभिभावक पनि हुन्। यी दुवै रुपमा जनप्रतिनिधिका विशिष्ट भूमिका रहेका छन्। यिनै भूमिकाले गर्दा विद्यालयका बालबालिकाहरु भविष्य बनाउन सक्छन्। गाउँको मान र मर्यादामा वृद्धि गर्न सक्छन्। विद्यालयको नाम देश र विदेशमा बढ्न सक्ने सम्भावना रहन्छ।

अहिले यो पनि विचारणीय छ, जुन जनप्रतिनिधिको समयमा शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधारको अवस्था राम्रो हुन्छ, तिनको मान बढ्छ। सदैव भनिरहन पाउने बाटो हुन्छ कि फलानाको कार्यकालमा शिक्षा र स्वास्थ्यको अवस्था राम्रो रह्यो। यस विपरीत जहाँको शिक्षाको नकारात्मकता फैलिन्छ वा जहाँको शिक्षामा कुनै सुधार हुनुको साटो शिक्षकले तलब नै नपाएर आन्दोलन गर्नुपर्ने अवस्था आउँछ, तिनीहरुलाई कत्तिको राम्रो मान्ला समाजले ? विद्यालयमा पढाइरहनु पर्ने शिक्षक पढाउन छाडेर आन्दोलनमा जाँदा साँच्चिकै उक्त ठाउँको शिक्षाको अवस्था कमजोर हुने त भयो नै, साथै आफ्नो कार्यकाल सकिएपछि मैले शिक्षाको क्षेत्रमा यो यो सुधार गरें भन्न पनि अप्ठ्यारो हुन्छ वा केही गरी भौतिक पूर्वाधारको क्षेत्रमा लगानी बढाएको भए पनि अन्ततः गुणस्तरको क्षेत्रमा भने पढाउने बेलामा शिक्षकहरु आन्दोलनमा जानु परेको र विद्यालय खुले पनि सामान्य अत्यावश्यक स्टेसनरी सामानहरु नभएर विद्यालय संचालन हुन नसकेको भन्ने आरोप तुरुन्तै लागि हाल्छ। तिनको मनमा पनि यस प्रकारको भावना उत्पन्न भइहाल्छ कि मैले साँच्चिकै केही गर्न सकेको थिइनँ। अथवा, त्यस्ता जनप्रति◌िनधि जसले गर्न दिएनन्, तिनको मनमा पनि यही भावना उत्पन्न हुन्छ कि मेरो कारणले शिक्षाको क्षेत्रमा खास केही हुन सकेन। कतिपय शिक्षकहरु महिनौँसम्म तलब नपाएर बाध्यतावश आन्दोलन गर्नुपर्दा मुखले जे जस्तो भने पनि भित्रभित्रै अपराधबोध गरिरहेका हुन्छन्। कुनै पनि इमानदार शिक्षक कक्षाकोठामा पढाउन छाडेर सामान्य रुपमा आन्दोलन गर्न चाहँदैनन्, खोज्दैनन्।

अहिले सबै कुरो ग्राफमा देखिन्छन्। कसैले सुगा रटाइ तरिकाले केही गरेको वा भनेको छ भने तिनलाई कसैले मान्नेवाला छैन र यदि कोही काम गरिरहेको र निरन्तर काम गरिरहेको छ भने तिनलाई केही मात्रले नमान्लान् तर वास्तवमा सबैले मानेका हुन्छन् वा धेरैले भने तिनको कामलाई प्रशंसा गरेकै हुन्छन्। तर कतिपयले शिक्षालाई तत्काल प्रतिफल नआउने वा निरन्तर लगानी गरिरहने क्षेत्रको रुपमा भएको मानेर सकेसम्म झारा टराइ सुधार वा समस्या समाधानको रुपमा देखाउने गरेका छन्। शिक्षामा हृदयले होइन मस्तिष्कले लगानी गरिरहेको देखिन्छ। जहाँ हृदय हुँदैन त्यहाँ मस्तिष्कले मन लगाउन सक्दैन।

मस्तिष्क प्राविधिक कुरो हो तर हृदय त विशाल हुन्छ। हृदयले शिक्षालाई सुधार्न चाहने हो भने साँच्चिकै कम लगानीमा धेरै विकास गर्न सकिन्छ। शिक्षकलाई माया गरेर, शिक्षकको समस्या होइन तर पठनपाठनको क्रममा विद्यालयमा आइपर्ने समस्यालाई समाधान गरेर, विद्यार्थीलाई एकातिर अनुशासनमा राख्ने र अर्कोतिर प्रोत्साहन दिएर जनप्रतिनिधिहरुले शिक्षाको गुणस्तर सुधार्न भौतिक लगानीभन्दा मानसिक लगानी केही बढी गरे वर्तमानका धेरै समस्या समाधान हुन्छ। अहिलेको समयमा शिक्षकको तलब, विद्यार्थीलाई छात्रवृत्ति तथा पाठ्यपुस्तक केन्द्र सरकारले नै उपलब्ध गराइरहेका छन्। अधिकांश विद्यालयमा केही प्रशासनिक खर्च तथा अन्य केही रकम पनि पठाएकै छ। साथै दिवा खाजाको रकम पनि सरकारले उपलब्ध गराइरहेको छ। यस अवस्थामा जनप्रतिनिधिहरुले विद्यालय, विद्यार्थी र शिक्षकको अवस्था बुझेर आफ्नो गाउँठाउँको शिक्षाको गुणस्तर सुधार गर्न खासै समस्या रहेको देखिँदैन। तर, झारा टराइ तरिकाले बोल्ने वा विद्यालयलाई हेर्ने हो भने शैक्षिक गुणस्तरको क्षेत्रमा अपेक्षा गरेको जस्तो सुधार आउन समय लाग्न सक्छ। र, तलब नै उपलब्ध नगराउने वातावारण बन्ने हो भने त झन् गुणस्तरको पक्ष निकै गौण भएर जान्छ।

~~~

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभ्का : | ०७:३० बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरुसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त होलान्।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान्।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान्।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान्, आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला, आज विशेष परिस्थितिले दिनभर मन रमाउला।
~~~

# कृषि फार्ममा जनशक्ति र बजेट अभाव



**चन्द्रकला भण्डारी**
**झापा ।**
कृषि बालीको मूल र प्रमाणित बीउ उत्पादन गर्ने मुलुककै ठूलो झापाको कृषि विकास फार्म जनशक्ति र बजेट अभाव खेपिरहेको छ । सरकारी स्वामित्वको यो फार्म शिवसताक्षी नगरपालिका–७ चन्द्रडाँगीको ५२ हेक्टर क्षेत्रफलमा फैलिएको छ । तीन दशकअघि सरकारले बीउबिजन उत्पादनका लागि ठूलो लगानी गरेर सञ्चालनमा ल्याएको यस फार्ममा हाल धान, मकै, गहु, तोरी, मुसुरो र धैंचाको बीउ उत्पादन भइरहेको छ । फार्मको २३ हेक्टर क्षेत्रफलमा बीउ उत्पादनका लागि विभिन्न बालीको खेती हुने गरेको छ भने माछापालनमा प्रयोग भइरहेका ११ वटा पोखरी यहाँ छन् । परिसरमा मुख्य प्रशासनिक कार्यालयसहित १४ वटा भवन छन् । यसलाई उपकरण, आवास र भण्डारण कक्षको रुपमा समेत प्रयोग गरिदै आएको छ ।
कार्यालयका बाली विकास अधिकृत अर्जुनप्रकाश सुवेदीले फार्मको आवश्यकता र औचित्य बढ्दै गए पनि सरकारबाट प्राप्त हुने बजेट वर्षेनी घट्दै गएको बताए । आर्थिक वर्ष २०७९/८० मा यस फार्मका लागि चार करोड १५ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । तर, चालू आवमा कार्यालयको बजेट घटेर तीन करोड ३४ लाख रुपैयाँ भएको छ ।
मुलुकले कृषिलाई प्राथमिकतामा राखेर उत्पादकत्व बढाउन उन्नत बीउ र बिजनको प्रयोगमा जोड दिदै आएको छ । तर, उन्नत बीउबिजन उत्पादन गर्दै आएका कृषि फार्महरु भने सरकारबाटै उपेक्षामा परेका छन् । नेपालको कृषि प्रणालीलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउने सरकारी नीति आएपछि नेपाल सरकारले झापाको शिवसताक्षी र कञ्चनपुरमा गरी दुई वटा आधुनिक कृषि फार्म स्थापना गरेको हो । यी फार्मलाई प्रमुख बालीको बीउबिजनको उत्पादन गर्ने कार्यादेश दिइएको थियो ।
सरकारी बजेटको प्राथमिकताबाट ओझेल पर्दै आएको पृष्ठभूमिमा यी कृषि फार्मलाई समितिमार्फत सञ्चालन गर्ने नीतिबाट समेत नेपाल सरकार २०७५ सालदेखि पछि हट्यो । फार्मको सञ्चालन गर्ने समिति खारेज भएपछि पाँच वर्षयता यसको नेतृत्व सङ्घीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले आफै सम्हाल्दै आएको छ ।
सरकारले चालू आवको बजेट ल्याउँदा यो कृषि फार्मलाई बजेटविहीन बनाएर खारेजीको तहमा पु¥याइएको थियो । कृषिको बजेट कटौतीविरुद्ध चौतर्फी आलोचना भएपछि सरकारले ढिलोगरी बजेट विनियोजन गरेको हो ।
'हाम्रो कार्यालय नै खारेजीमा परिसकेको थियो', बाली विकास अधिकृत सुवेदीले भने, 'दशैँअघि बल्ल सरकारले बजेट निकासा गरेको हो ।' कार्यालय नै खारेजीमा पर्ने हो कि भन्ने कुराले कार्यालयको काम पनि प्रभावित हुन पुगेको उनले बताए ।

**आधा मात्रै जनशक्ति**
फार्ममा दरबन्दीमा तोकिएको जनशक्तिको आधा मात्रै कार्यरत छन् । बजेटको अभाव नै यसको मुख्य कारण बताइएको छ । फार्मको काममा कमी आएको छैन । थोरै जनशक्तिको परिचालनले धेरै कार्य सम्पादन गरिरहेको कर्मचारीहरु बताउँछन् ।
फार्मका कर्मचारीहरुको १४ वटा स्थायी दरबन्दी भए पनि हाल चार जना स्थायी कर्मचारीले कार्यसम्पादन गरिरहेका छन् भने पाँच जना करारका कर्मचारी नियुक्त गरिएका छन् । फार्मले २५ हेक्टरमा धान, मकै, गहँु, तोरी, मसुरो र धैंचाको खेती गर्दै आएको छ । ती बीउबालीको नियमित रेखदेख गर्न प्राविधिक सहायक (जेटी) र नायब प्राविधिक सहायक (जेटीए)को अभाव रहेको बाली विकास अधिकृत सुवेदीले बताए । 'दुई दुई जना जेटी र जेटीए चाहिनेमा हाल एक मात्र हुनुहुन्छ', उनी भन्छन्, 'आवश्यक कर्मचारी पठाउन धेरैपटक लेखिपठाएका छौँ । दरबन्दी बमोजिमका कर्मचारी पनि हुनुहुन्न । काम गर्न निकै गाहे रहेछ ।'
दैनिक ज्यालादारी कामका लागि विगतमा ३० जना नियुक्त हुने गरेकामा हाल बजेट अभावका कारण २१ जनालाई मात्र काममा लगाउन सकिएको उनले जानकारी दिए । अधिकृत तहका तीन जना कर्मचारी हुनुपर्नेमा हाल एक जनाले मात्र कार्य सम्पादन गरिरहेका छन् ।

**वार्षिक ४० टन धानको बीउ उत्पादन**
यस कृषि फार्मले वार्षिक रुपमा ४० मेट्रिक टन धानको मूल बीउ उत्पादन गर्दै आएको छ । कृषि अनुसन्धान केन्द्र (नार्क)ले उत्पादन गरेको प्रजनन बीउ ल्याएर फार्ममा मूल बीउ उत्पादन गरिन्छ । फार्मबाट उत्पादित मूल तथा प्रमाणित बीउलाई स्थानीय पालिका, कृषि ज्ञान केन्द्र र कृषि सहकारीहरुले खरिद गरेर लैजाने गर्छन् । तिनीहरुले खेती गरेर उत्पादन गरेको उन्नत बीउबिजन किसानले खरिद गरेर लैजान्छन् ।
यहाँ वार्षिक रुपमा १० हजार केजी मकै, छ हजार केजी गहुँ, २०० केजी मुसुरो, २०० केजी तोरी र २०० केजी धैंचाको मूल बीउबिजन उत्पादन हुँदै आएको छ ।
मकै र धानको उन्नत (हाइब्रिड) बीउ उत्पादनका लागि सरकारले हाल झापा र कञ्चनपुरको फार्मलाई स्रोत केन्द्रको रुपमा विस्तार गरेको छ । यस फार्ममा धानको हर्दिनाथ र मकैको रामपुर कम्पोजिट जातको बीउलाई पहिलोपल्ट हाइब्रिड बनाउने कार्यक्रम सञ्चालन भइरहेको छ ।
उत्पादित बालीहरुलाई मूल बीउ बनाउनका लागि फार्ममा प्रशोधन, ग्रेडिङ र भण्डारणको सुविधा उपलब्ध रहेको छ । यहाँ एउटा धान ग्रेडिङ मेसिन, एउटा सिड्स ड्रायर, एउटा धान रोप्ने मेसिन, एउटा मकै ग्रेडिङ मेसिन, दुईवटा ट्र्याक्टर र एउटा थ्रेसर मेसिन छ । उत्पादित बालीलाई बीउ प्रमाणित हुनुअघि सुनसरीको झुम्कास्थित क्षेत्रीय बीउबिजन कार्यालयको बीउबिजन प्रयोगशालाले बालीको वैज्ञानिक परीक्षण प्रक्रिया पूरा गर्दछ । परीक्षणको चरण पूरा भएपछि फार्मले बीउलाई बिक्रीका लागि अनुमति दिने गरेको छ ।

**प्राविधिक बेगरै माछापालन**
कृषि विकास फार्मले प्राविधिक जनशक्ति बेगरै परिसरमा वर्षौंदेखि माछापालन गर्दै आएको छ । माछाको भुरा उत्पादनको सम्भावना भए तापनि सरकारले यसमा कुनै योजना अघि सारेको छैन । फार्मको छ हेक्टर भूभाग सताक्षी खोलाले कटान गरेर काम नलाग्ने बनाएको छ । परिसरभित्र तीन हेक्टर क्षेत्रफलमा माछापालनमा प्रयोग भइरहेका ११ वटा कृत्रिम पोखरी छन् । ती पोखरीमा आव २०७९÷८० मा नैनी, कमन कार्प, रोहु, बिडहेड कार्प र सिल्भर कार्प जातका १० मेट्रिक टन माछा उत्पादन भएको थियो । माछा बेचेर फार्मले वार्षिक नौ लाख रुपैयाँ आम्दानी गरेको थियो । 'माछापालन हाम्रो कार्यालयको घोषित उद्देश्यभित्र पर्दैन', कार्यालयका बाली विकास अधिकृत सुवेदी भन्छन्, 'वर्षौंदेखि पोखरीमा माछा पाल्ने काम भइरहेको छ । हामीले यहाँ माछाका भुरा उत्पादन गर्ने स्रोत केन्द्र बन्न सक्छ भनेर माथि लेखेर पठाएका छौँ । केन्द्रबाट कुनै कार्यक्रम बनेर आएको छैन ।' माछाका भुरा उत्पादन परियोजना सञ्चालन गर्ने हो भने फार्ममा कम्तीमा एक जना माछाविज्ञ नियुक्त हुनुपर्ने उनले बताए । कृषि यान्त्रिकीकरण प्रवर्धन केन्द्रको रुपमा समेत फार्मलाई विकसित गर्न सकिने सम्भावना उनले औंल्याएका छन् ।

**प्रदेश मातहत लैजान सुझाव**
फार्म सञ्चालक समितिका पूर्व अध्यक्ष ढुण्डी गुरागाई फार्मको प्रभावकारी उपयोगका लागि यसको सञ्चालन अधिकार प्रदेश सरकार मातहत लैजानु पर्ने सुझाव दिन्छन् । 'सङ्घीय सरकार मातहत भएकाले प्रदेश र स्थानीय सरकारको चासो देखिदैन', उनी भन्छन्, 'थपक्कै प्रदेश सरकारलाई हस्तान्तरण गरिनुपर्छ । जनशक्ति र बजेट परिचालन गरेर प्रदेश सरकारले नै यसको उच्चतम् उपयोग गर्छ ।'
किसानलाई जोडेर चक्लाबन्दी खेतीलाई प्रोत्साहित गर्ने कृषि नीतिको आवश्यकता उनले औल्याए । आफु अध्यक्ष छँदा सरकारले कर्मचारीको तलबबाहेक स्थानीय जनशक्ति परिचालन र मल बीउ खरिदका लागि वर्षेनी ८० लाखसम्म पठाउने गरेको बताए । अहिले बजेट कटौती भएकाले फार्मको अवस्था दयनीय रहेको उनको भनाइ छ । नेपाल पत्रकार महासङ्घ झापाका पूर्व अध्यक्ष तारामणि सापकोटाले कृषि फार्मलाई बिजोग बनाउनुभन्दा कृषि क्याम्पस बनाउनु उपयुक्त हुने बताए । यहाँको सम्पूर्ण पूर्वाधार क्याम्पस सञ्चालनका लागि उपयुक्त रहेको जनाउँदै अत्याधुनिक प्रविधि प्रयोग गर्न नसक्दा फार्मको आकर्षण घट्दै गएको उनको धारणा छ । शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले सङ्घीय सरकार मातहत भएकाले कृषि फार्मले स्थानीय सरकारसँग कुनै सहकार्य नगरेको बताए । 'कृषिको विकासका लागि हामी पनि लागिपरेका छौँ' उनी भन्छन्, 'स्थानीय सरकारसँग सहकार्य हुने वातावरण भए राम्रो हुन्थ्यो । उन्नत बालीको विकास र उत्पादनमा उहाँहरुले आफ्ना अनुभव र प्रविधि स्थानीय तहमा समेत हस्तान्तरण गर्न जरुरी छ ।'

**पाँच दशक लामो इतिहास**
सरकारले २०३२ सालमा झापामा कनकाई सिँचाइ योजना लागू गर्दा दातृ निकाय एसियाली विकास बैंकको सहयोगमा कोरियाली ठेकेदारहरुले तत्कालीन शिवगञ्जमा दर्जनौं पक्की भवनहरु बनाएका थिए । त्यही भवन अहिलेको कृषि फार्मको मूल संरचना हो । २०४८ सालमा कनकाई सिँचाइ योजना विघटन गरेको चार वर्षपछि २०५२ सालमा यो फार्मलाई चन्द्रडाँगी बीउबिजन तथा दुग्ध विकास समितिमार्फत आफैँ सञ्चालन गर्ने कार्यक्रम ल्यायो । सरकारले समितिका पदाधिकारी मनोनित गरी फार्म चलाउँदै आएकामा २०७५ सालमा समिति प्रथा नै खारेज गरिदियो । हाल कर्मचारीमार्फत सङ्घीय सरकार मातहत यसको सञ्चालन भइरहेको छ ।

# 'रोजगारीको अवसर सृजना गर्न कृषि व्यवसायमा जोड'




गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गाउँमा रोजगारीको अवसर सृजना गर्न कृषि व्यवसायमा जोड दिनुपर्ने बताएका छन् । गोरखाको सिरानचोक गाउँपालिकामा मंगलबारदेखि सुरु भएको पालिकास्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले कृषि उत्पादनलाई व्यावसायिक र आत्मनिर्भर बनाउन सके मात्र गाउँमा रोजगारीको प्रशस्त अवसर सृजना हुने बताएका हुन् । मुख्यमन्त्री पाण्डेले पछिल्लो समय ग्रामीण क्षेत्रबाट अधिकांश युवा विदेशिने गरेको भन्दै गाउँमै रोजगारीको अवसर नहुँदासम्म युवालाई विदेश पलायन हुनबाट रोक्न नसकिने बताए ।
'गाउँगाउँबाट युवा विदेशिनुपर्ने अवस्थालाई मध्यनजर गर्दै गाउँमै रोजगारीको वातावरण तयार गर्नुपर्छ', उनले भने, 'प्रदेश सरकारले यसतर्फ सम्पूर्ण ध्यान केन्द्रित गरिरहेको छ ।'
कृषि पेशामार्फत गाउँमै माछा, मासु, दुग्धजन्य पदार्थ उत्पादनलगायत अन्य थुप्रै कृषि पेशालाई व्यावसायिक बनाउन सके गाउँमै प्रशस्त रोजगारीको अवसर तयार हुने उनको भनाइ छ । मुख्यमन्त्री पाण्डेले सरकारले वास्तविक किसानमा अनुदान पु¥याउनका लागि प्रदेश सरकारले उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न लागेको समेत बताए । प्रदेश सरकारले वास्तविक किसानमा अनुदान पु¥याउनका लागि चालु आवमा ५० करोड रुपैयाँ उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ ।

# स्थानीय तहसँग सहकार्य गर्दै महिला समूह



रासस
गोरखा ।
शहीद लखन गाउँपालिका–७ मास्कीछाँपस्थित 'बौद्धनाथ कोसिस महिला कृषक समूह' की सदस्य रीता थापामगरले अहिले ११ वटा बङ्गुर पालेकी छन् । उनले सुरुमा नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान) ले आयोजना गरेको १५ दिने बङ्गुरपालनसम्बन्धी तालिम लिएपछि बङ्गुरपालन सुरु गरेकी हुन् । थापामगरले यसपटकको दशैँमा तीनवटा बङ्गुर बेचेर झन्डै एक लाखको आम्दानी गरिन् । एड्वानले नै दिएको नेतृत्व विकाससम्बन्धी तालिम लिएपछि उनलाई निर्धक्कसँग अरूसँग बोल्न सक्ने आत्मविश्वास बढाएको छ ।
तालिमपछि समूहका पदाधिकारी र सबै सदस्यलाई वडा कार्यालयमा गएर आफ्नो अधिकार माग्नुपर्ने रहेछ भन्ने जानकारी प्राप्त भयो । सदस्य थापा मगरले भनिन्, 'एड्वानले तालिम दिएपछि हामीले वडामा गएर बजेटको माग गरेपछि वडाले दुई लाख रुपैयाँ छुट्याइदिएको रहेछ, त्यसमध्येबाट समूहमा रहेका १८ मध्ये ११ जना सदस्यलाई दुईवटाको दरले बङ्गुरको पाठा दिएको छ ।' एउटा माउले एक पटकमा कम्तीमा १३÷१४ वठा बच्चा जन्माउँछ । एउटा बच्चाको सात हजार रुपैयाँ पर्छ । एउटा माउले एकपटकमा बच्चा जन्माउँदा खर्च सबै कटाएर कम्तीमा ३० हजार रुपैयाँ जति फाइदा हुन्छ । धेरै माउ पालेर बच्चा पाठापाठी बेच्न सके धेरै फाइदा हुने उनको भनाइ छ । समूहले अबका दिनमा वडासँग बयर बाख्रा, बङ्गुरको खोर विस्तार, व्यावसायिक बङ्गुरपालनका लागि अझै धेरै बङ्गुर नै माग्ने योजना बनाएको छ ।
एड्वानले शहीद लखन गाउँपालिकाको नौवटै वडामा १२ वटा समूह गठन गरेको छ । शहीद लखन गाउँपालिकाका उपाध्यक्ष इन्दिरा तिवारीले अदुवा लगाउनका लागि बीउको माग, बाख्रा र बङ्गुरपालनका लागि पनि समूहका तर्फबाट माग आइरहेको जानकारी दिइन् । गाउँपालिकाको नौवटा वटामा गठन गरिएका १२ वटा समूह नै गाउँपालिकामा दर्ता गरिएको छ । अदुवाबाट सुठो बनाउन मेसिन ल्याउन गाउँपालिकाले पहल गरिरहेको उनको भनाइ छ । शहीद लखन गाउँपालिका–७ की तालुपाते कोसिस कृषि महिला समूहले बीउ बोकाका लागि गाउँपालिकामा प्रस्ताव पेस गरेको छ । गाउँपालिकाले समूहका तीन सदस्यलाई बाख्रा खरिद गर्नको लागि १५ हजार रुपैयाँ दिएको थियो । आगामी दिनमा समूहबाट माग लिएर गाउँपालिकामा जाने योजना रहेको समहूकी अध्यक्ष सन्सरा श्रीमलले बताइन् । गण्डकी गाउँपालिका–८ तोरीसरास्थित मखमली महिला कोसिस कृषक समूहका सदस्यले अहिले बङ्गुरपालन गरेका छन् । समहूकी अध्यक्ष नानीमाया सार्कीले पनि अहिले दुईटा बङ्गुर पाल्नु भएको छ । अध्यक्ष सार्कीले भने, 'समूहका तर्फबाट बङ्गुरपालनका लागि अनुरोध गर्दा वडाले सहयोग गर्ने बताएको छ । अब लिखित रुपमा माग गर्नेछौँ ।' गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिनाले समूहहरु गाउँपालिकामै दर्ता भएकाले सक्दो सहयोग गर्ने योजना सुनाए । यता चितवनको भरतपुर महानगरपालिका–२३ स्थित श्री महिला उत्थान कोसिस कृषक समूहले छ महिलाअघि महानगरपालिका र वडा कार्यालयमा च्याउ खेतीका लागि पाँच लाख रुपैयाँको व्यवस्था गरेको छ । भरतपुर महानगरपालिका–२५ नमूनाटोलस्थित श्री नमूना कोसिस कृषक समूहकी अध्यक्ष माया विक नेतृत्व विकाससम्बन्धी तालिम लिएपछि मिलन महिला बचत सहकारीको सदस्य भएकी हुन् । 'तालिम दिएपछि अन्यायको विरुद्धमा बोल्नुपर्ने रहेछ, नेतृत्वमा आउनुपर्ने रहेछ भन्ने लाग्यो, त्यसपछि अहिले सहकारीमा सदस्य भएकी छु, आगामी कोषाध्यक्ष, सचिव र अध्यक्ष हुने योजनामा छु', उनले भनिन् । जुनसुकै संस्थामा पनि नेतृत्व गर्न अग्रसर हुनुपर्ने रहेछ भन्ने उनको अनुभव छ । भरतपुर नगरपालिका–२५ कै नमूना कोसिस कृषक समूहकी सदस्य देवी भुसाल नमूना टोल विकास संस्थामा पहिला सचिव मात्रै रहेकी थिइन् । एड्वानले तालिम दिएपछि उनलाई अगाडि बढ्नुपर्ने रहेछ, संस्थाको नेतृत्व गर्नुपर्ने रहेछ भन्ने लागेर अहिले उपाध्यक्षको जिम्मेवारीमा रहेकी छन् । उनी मिलन महिला बचत ऋण तथा सहकारी संस्थाको ऋण समितिको संयोजक छिन् । यी दुवै संस्थाको नेतृत्वमा पुग्ने उनको चाहना छ । रत्ननगर नगरपालिका–१५ स्थित महिला जनशक्ति कोसिस कृषक समूहकी सचिव चद्रिकादेवी केशीलाई पनि एड्वान नेपालले नेतृत्वसम्बन्धी तालिम लिएपछि अहिले बूढीकुला सुकुम्वासी टोल विकास संस्थाको कोषाध्यक्ष भएकी छन् । नेतृत्व विकासका तालिम लिएपछि सुकुम्वासी जग्गाको लालपुर्जा प्राप्तिका लागि पनि पहल गर्दै आएको उनको भनाइ छ । वडाध्यक्ष आशिक तामाङले शीतलशील र चेतनाशील दुईवटै समूहलाई सक्दो सहयोग गरेको जानकारी दिए । एड्वानद्वारा गठित समूहलाई भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकाले १३ लाख ४३ हजार रुपैयाँ नगद र विभिन्न मेसिन सहयोग गरेको छ । त्यसैगरी, शहीद लखन गाउँपालिका र गण्डकी गाउँपालिकाले पनि समूहका निम्ति नौ लाख ९५ हजार नगद र विभिन्न सामग्री र १७ वटा बाख्रा सहयोग गरेको छ । भरतपुरमा १३, रत्ननगरमा १२, शहीद लखनमा १२ र गण्डकीमा १२ गरी ४९ वटा महिला समूह गठन गरेर कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिएको छ ।

# लोपोन्मुख पुत्का मौरी संरक्षणमा किसान



**रासस**
**बाँके ।**

लामोसमय मौरीपालन व्यवसायमा लागेका बाँकेको कोहलपुर—११ का पुरमुल बस्नेत आजभोलि लोपोन्मुख पुत्का मौरीको संरक्षण तथा सम्वद्र्धनमा लागेका छन् । उनले पुत्का जातको रैथाने मौरी सङ्कटमा भएको उल्लेख गर्दै यसले वातावरणीय सन्तुलन कायम गर्न योगदान गर्ने धारणा व्यक्त गरे । 'मौरीपालक किसानले जति आम्दानीका लागि मेहनत गरेका हुन्छन्, जैविक विविधता संरक्षणमा पनि उसको दायित्व हुन्छ', बस्नेतले भने । लोप हुने अवस्थामा रहेको पुत्का जातको मौरीलाई थारु भाषामा 'मगरासा'र अङ्ग्रेजीमा 'मेलिपोना' भनिन्छ । विश्वभर चार सय प्रजाति रहेको मौरी नेपालमा कति छ भन्ने विषयमा अनुसन्धान नभएको बस्नेतको भनाइ छ । यसलाई खिलरहित मौरीको रुपमासमेत चिनिन्छ । रैथाने जातको मौरीबाट महको उत्पादन गरिएको छैन त्यसलाई बचाउनका लागि मात्रै काम भएको उनले बताए । काठका मुडा र आधुनिक ३० घारमा उनीहरुको बासस्थान बनाइएको छ । 'यो अध्ययनको विषय भएको छ र गाभर भ्यालीमा रैथाने प्रकृतिका घर बनाउनुका साथै सामुदायिक जिन बैंक स्थापना गरेर एग्रो टुरिजमको काम भएको छ', बस्नेतले भने । यसको संरक्षणसँगै उनले भमरा पनि लोप हुनलागेको भन्दै त्यसको संरक्षण गर्न सुरु गरेका छन् ।

जैविक विविधताका लागि भमरा बिना परागशेचन नहुने तर्क गर्दै बस्नेतले अन्य धेरै रैथाने जातका कीट जोखिममा रहेको औँल्याए । उनी भन्छन्, 'एउटा सेतो पाटे भमरा र अर्को कालो भमराको घार बनाएर संरक्षण गरेको छु ।' बस्नेतले लोपोन्मुख मौरीको र भमराका लागि कीट पाठशाला बनाउन आवश्यक छ रहेको बताए । उनले खाग प्रजातिको मौरीको पनि संरक्षण आवश्यक भएकोमा जोड दिँदै रैथाने प्रजाति धेरै कीटको बासस्थान नासिएकोमा चिन्ता व्यक्त गरे । 'पहिले रैथाने हाम्रा घर थिए, धोद्रा रुख हुन्थे, परालका टौवा हुन्थे र भमराको त्यहाँ बासस्थान हुन्थ्यो तर अहिले सबै बासस्थान नासिए त्यही भएर पनि यसको संरक्षण जरुरी भयो', उनले भने । जिल्लाको कोहलपुरका विभिन्न विद्यालयमा कीटको बासस्थान बनाउन काम गरेको जानकारी दिँदै विसं २०७८ मा पहिलो पटक नेपाल सरकारले 'पुरमल घरायसी कीट जिंक बैंक' नामकरण गरी घरमा नै स्थापना गरेर काम सुरु भएको उनको भनाइ छ । उनलाई नार्कको पनि साथ र सहयोग रहेको छ । नार्कले प्राविधिक रुपमा सहयोग गरिरहेको छ । यस बाहेक बर्दियामा रैथाने पशुको जीन संरक्षण गर्ने र त्सबाट मल कारखाना सुरु गर्ने तयारीसमेत भएको जानकारी दिँदै बस्नेतले नार्क र माटो विभागले त्यसमा सहयोग पु¥याइरहेको बताए । मानिसको क्रियाकलापले वातावरणीय सन्तुलन बिग्रदा त्यसको असर मौरीमा पनि परेकाले जैविक विविधताको संरक्षण सबैको साझा दायित्व भएको भएको उनको भनाइ छ । विसं २०६७ देखि मौरीपालन व्यवसायमा लाग्नुभएका बस्नेतले मेलिफेरा नामक उन्नत जातको मौरीपालन गरेका छन् । तत्कालीन समयमा दुई घारबाट सुरु भएको उनको मौरीपालन व्यवसाय ९० घारको हाराहारीमा पुगेको छ । उनी भन्छन्, 'एउटा घारबाट मात्रै करिब २० देखि २५ किलो महको उत्पादन हुन्छ ।' तराईमा चल्ने शीतलहर र तरकारी खेती र तोरीखेतीमा अत्यधिक विषादीको प्रयोगले मौरी प्रभावित भएको उल्लेख गर्दै बस्नेतले हाइब्रिड उत्पादनभन्दा रैथाने जातका बालीबाट महको उत्पादन अर्गानिक र गुणस्तरीय हुने बताए । व्यावसायिक रुपमा मौरीपालन गरेका उनी मौरीपालनमा प्रचुर सम्भावना भएको उल्लेख गर्दै आयआर्जनका लागि पनि सहज भएको बताए । मौरीपालक किसान समूह, बाँकेका अध्यक्षसमेत रहेका बस्नेतले मौरी पालनबाट आयआर्जनको काम गरेको र करिब ९० घार मौरीपालनमा करिब १० लाख रुपैयाँ लगानी भएको र त्यसबाट वार्षिक पाँच लाख रुपैयाँ आयआर्जन हुने गरेको उल्लेख गरे ।

मौरी चराउन बाँके र बर्दियाका विभिन्न स्थानमा घार नै बोकेर जानुपर्ने बाध्यता भएको जानकारी दिँदै बस्नेतले पहिले मौरी चराउनयोग्य भएको वा नभएको भन्ने विषयमा अध्ययन हुने बताए । 'अहिले मौरी चराउने भनेको तोरी बारीमा हो, यसको याम पनि छ', बस्नेतले भने । बाँकेमा केही किसान मात्रै मौरीपालन व्यवसायमा छन् । जिल्लालाई मौरीको चरन क्षेत्रका हिसाबले उत्कृष्ट मानिए पनि बढी जाडो र बढी गर्मी हुने भएकाले मौरीपालनका हिसाबले राम्रो नभएको किसान बताउँछन । कृषि ज्ञान केन्द्र, बाँकेका प्रमुख सकिल अहमद यसवर्ष मौरीपालनको कार्यक्रम जिल्लामा नरहेको उल्लेख गर्दै किसानको माग नआएको बताए ।

# मुलुकको अर्थतन्त्रले लय समाउन थालेको छः अर्थमन्त्री




**रासस**
**चितवन ।**

अर्थमन्त्री डा प्रकाशशरण महतले देशको अर्थतन्त्र सुधारको गतिमा रहेको जानकारी दिएका छन् । मंगलबार पत्रकारसँग कुराकानी गर्दै उनले अर्थतन्त्रले लय समाउन थालेको दाबी गरे ।

उनले भने, 'नेपालमा आउने विदेशी पर्यटकको सङ्ख्या र विप्रेषण आप्रवाह (रेमिट्यान्स) बढेको छ । समस्यामा परेका व्यवसायीको समस्या समाधान हुन्छ । अर्थतन्त्र विस्तारै लयमा फर्कन्छ । समग्रमा विदेशी रेमिट्यान्स ३० प्रतिशतले बढेको छ । पर्यटकको चाप बढ्दा पर्यटन व्यवसायी उत्साहित भएका छन् ।' उनले अर्थतन्त्रमा सुधार आउन अझै केही समय लाग्ने बताए । अर्थतन्त्र सुधारका लागि धेरै नीतिगत निर्णय भएको जनाउँदै उनले ती निर्णयबाट भएको लगानीले प्रतिफल दिन समय लाग्दा अर्थतन्त्रमा केही समस्या देखिएको हो भने । भएका निर्णयका आधारमा सहजरूपमा कर्जा प्रवाह हुँदा धेरै कर्जा जग्गामा, सेयरबजार र क्रिप्टोमा पनि भित्रीरूपमा गएको जनाउँदै उनले त्यसको प्रतिफल आउन ढिला भएको बताए ।

उनले भने, 'घरजग्गाको कारोबारमा सुधार हुन लागेको छ ।' ऋण लिएर सही ठाउँमा लगानी गर्दा पनि परिणाम पाउन नसकेकाहरूको हकमा ब्याज, समय थपलगायतका विषयमा सरकारले राहतका लागि कोसिस गरिरहेको उनको भनाइ छ । सञ्चारकर्मीको जिज्ञासामा उनले एनसेलको सेयर बिक्रीका विषयमा अहिलेसम्म सरकारलाई जानकारी नभएको बताए । उनले भने, 'हामी सूचना लिइरहेका छौँ । यसको नियमन गर्ने निकाय टेलिकम हो । यो ठूलो किनबेच गर्दा अनुमति लिनुपर्ने व्यवस्था छ ।' आधिकारिकरूपमा सरकारलाई जानकारी नभएको जनाउँदै उनले यसले पार्ने प्रभावका विषयमा टेलिकमका पदाधिकारसँग बुझ्दै गरेको जानकारी दिए ।

फरक प्रसङ्गमा अर्थमन्त्री डा महतले अहिले सरकारले चुरे क्षेत्रको गिट्टी, बालुवा उत्खननका लागि कुनै प्रक्रिया अघि नबढाएको स्पष्ट पारे । उनले भने, 'अहिले त्यस्तो केही प्रक्रिया अघि बढेको छैन । हल्लामात्रै हो । यद्यपि हामीले प्रस्तावमा चुरेका भनेका छैनौँ त्यो पनि बुझीराख्नुपर्यो । हाम्रो खनिजजन्य जति पनि उत्पादन हुने सम्भावना छ, यसमा गिट्टी–ढुङ्गा पनि पर्छ ।' यसबाट वातावरणमा नकारात्मक प्रभाव नहुने गरी देशले फाइदा कसरी उठाउन सक्छ भन्ने विषय भएको उनले बताए । सम्भावनाको अध्ययन गरेर वातावरणलाई क्षति नहुने गरेर यस्तो किसिमको आफ्नो उपभोगका लागि र निर्यात गरेर आम्दानी गर्नका लागि पनि सम्भावना भएको ठाउँमा सम्भावनाको उपभोग गर्नुपर्छ भन्नेमा सरकार रहेको उनको भनाइ छ ।

# बेलायतमा अन्तरराष्ट्रिय विद्यार्थीलाई परिवार ल्याउँन सकस

**एएनआई**
**लन्डन ।**

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले सोमबार देशमा बढ्दो अध्यागमनलाई रोक्न नयाँ कदम चालिएको घोषण गरेका छन् । प्रधानमन्त्री सुनकको ती नयाँ कदमहरूलाई अध्यागमन दर घटाउने सरकारको 'कट्टरपन्थी कार्य' को रूपमा वर्णन गर्दै बेलायतलाई फाइदा पु¥याउने सुनिश्चित रहेको निष्कर्ष निकालिएको छ । नयाँ उपायहरूको शृङ्खलाको रूपमा सरकारले अन्तरराष्ट्रिय विद्यार्थीहरूले जबसम्म स्नातकोत्तर अनुसन्धान पूरा गर्दैनन् तबसम्म उनीहरूको परिवारलाई बेलायतमा ल्याउनबाट रोक लगाइने छ । साथै यो कदमबाट दक्ष विदेशी कामदारले देशमा काम गर्न भिसा थप्न चाहे न्यूनतम पारिश्रमिक बढाउनु पर्ने वाध्यता सृजना हुने छ ।

प्रधानमन्त्री सुनकले भने, 'अध्यागमन धेरै उच्च छ । आज हामी यसलाई घटाउन कट्टरपन्थी बनेर कारबाही गरिरहेका छौँ । यी कदमहरूले बेलायतलाई फाइदा पुर्याउने कुराको सुनिश्चित गर्नेछ ।' यस नयाँ प्रावधान अन्तर्गत स्नातकोत्तर अनुसन्धान डिग्रीमा नपुगेसम्म विदेशी विद्यार्थीलाई आफ्नो परिवारलाई बेलायतमा ल्याउन प्रतिबन्ध लगाउनेछ । बेलायतमा कुल माइग्रेसन गत वर्ष उच्चस्तरमा पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ । यसले बेलायत सरकारलाई दबाब थपेपछि यस मुद्दालाई राजनीतिक विषय बनाइएको सीएनएनले उल्लेख गरेको छ । बेलायतमा सन् २०२२ मा छ लाख छ हजार मानिसको बसाइसराइ भएको राष्ट्रिय तथ्याङ्कको कार्यालय (ओएनएस)ले जनाएको छ । त्यसैगरी १२ लाख मानिस बेलायत प्रवेश गरेका छन् भने, झन्डै आधा सङ्ख्याले देश छोडेर गएका छन् । सीएनएनका अनुसार कन्जरभेटिभ सरकारहरूले बेलायतमा सर्ने मानिसहरूको सङ्ख्यामा ठूलो मात्रामा कमी ल्याउने वाचा गरे तापनि सहजरूपमा त्यसो हुन सकेको छैन । विशेष गरी ब्रेक्सिटको परिप्रेक्ष्यमा हेर्दा यसका समर्थकहरूले सिमानाहरू 'नियन्त्रण' गर्न बेलायतलाई आवश्यक कदमको रूपमा यो पछिल्लो कदमलाई लिएका छन् । बेलायत आइपुगेका अधिकांश मानिसहरू नौ लाख २५ हजार गैर–ईयु नागरिक रहेको र तीमध्ये १२ जनामा एक जना शरण खोज्ने रहेको तथ्याङ्कले देखाएको छ । गैर–ईयु देशहरूबाट बेलायत बसाइ सर्नेहरूमा कामको खोजी, अध्ययन र मानवीय उद्देश्य प्रमुख रहेरको ओएनएसमा अन्तरराष्ट्रिय आप्रवासन केन्द्रका निर्देशक जे लिन्डोपले उल्लेख गर्नु भएको छ । यसैगरी गत वर्ष बेलायतको अध्यागमन तथ्याङ्कका अनुसार सबैभन्दा धेरै भारतीय नागरिक बेलायतमा अध्ययन, कामको खोजी र पर्यटन भिसा बोकेर प्रवेश गरेका थिए । जुन २०२२ को अन्त्यमा दुई लाख ५८ हजारभन्दा बढी भारतीय नागरिकले भ्रमण भिसा प्राप्त गरेका छन् जुन अघिल्लो वर्षको तुलनामा ६३० प्रतिशतले बढी हो ।




# 'इमानदार भएर काम गरे जुनसुकै पेसाले पनि सन्तुष्टि दिनेरहेछ'



**रासस**
**मध्यविन्दु (नवलपरासी) ।**

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैँडाकोट नगरपालिका–६ की अनिता सारुलाई हरेक दिन सबेरै घरधन्दा सक्ने हतारो हुन्छ । उनले भनिन्, 'जतिसक्दो चाँडो घरको काम सक्यो, उति चाँडो अटो लिएर निस्कन पाइन्छ ।'

उनी छोरीसँगै अटो लिएर बिहान साढे ९ बजे घरबाट निस्किन्छिन् । छोरीलाई स्कुल छाडेपछि अनिताको अटोको काम सुरु हुन्छ । महिलाले सवारीसाधन चलाउने काम गर्नु हुँदैन भन्ने सोचलाई परिवर्नन गर्न र आर्थिक उपार्जनका लागि पनि अटो चलाएको अनिताको भनाइ छ ।

'अटो चलाउन थालेको पाँच वर्ष बितिसक्यो, परिवारको पूरापुर सहयोग भएर यहाँसम्म आएको छु', उनले भनिन्, 'महिला भएर पनि अटो चलाउन सक्छौँ भन्नेले मेरो मेहनत देखेर अहिले प्रशंसा गर्न थालेका छन् ।' अटो चलाउन थालेपछि अनिताको दैनिकी फेरिएको छ । आम्दानी बढेको छ, घर–घडेरी जोडिएको छ । छोराछोरी पढाउन सजिलोमात्रै भएको छैन, विदेश जानुभएका श्रीमान् पनि श्रीमतीको मेहनत र कमाई देखेर स्वदेश फर्किएका छन् ।

'पहिले सानो एउटा घर थियो, अहिले अर्को पक्की घर बनाएकी छु', उनले भनिन्, 'मेरो काम देखेर श्रीमान् विदेश नजाने हुनुभएको छ, यही पसल गर्ने योजना बनाएका छौँ ।' महिलाहरू आत्मनिर्भर बन्दा हिंसाबाट गुज्रिनु नपर्ने उनको अनुभव छ । सम्पत्तिमा महिलाको पहुँच बढाउन सक्ने हो भने महिलामाथिको विभेद र हिंसा घटाउन सकिने उनले बताइन् । 'लगनशील र इमानदार भएर काम गरे जुनसुकै पेसाले पनि सन्तुष्टि दिनेरहेछ', उनले भनिन्, 'महिलाले सीप सिक्न र आत्मनिर्भर बन्न जरुरी छ, यसबाट महिलाहरूकै मेहनतले घर सम्पत्ति जोडेका उदाहरण पनि भेटिन्छन् ।' महिलालाई सीप सिक्न र स्वरोजगारमा जोडिएर आत्मनिर्भर बन्न अनिताको सुझाव छ । यसले परिवार र समाजबाट हुने हिंसा घटाउने उनको बुझाइ छ । अहिले नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा अनिताजस्तै अरू महिला पनि सवारी चालक बनेका छन् । गैँडाकोटमा दुई जना महिला व्यावसायिकरूपमा अटो चालक रहेका छन् । सङ्गठित भएका चालकहरूको सम्पर्कमा दुई जनामात्र महिला छन् ।

# यु–१९ एसिया कप खेल्न नेपाली टोलीको बिदाई

**मधेशदृष्टि**
**वीरगंज ।**

यु–१९ एसिया कप क्रिकेट खेल्न जाने राष्ट्रिय क्रिकेट टिमका खेलाडीलाई बिदाई गरिएको छ । नेपाल क्रिकेट संघ(क्यान)ले मंगलबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुलगायत क्यानका पदाधिकारीले राष्ट्रिय क्रिकेट टिमका खेलाडीलाई बिदाई गरेका हुन् । कार्यक्रममा मन्त्री लिम्बुले टिम कप्तान देव खनाललाई राष्ट्रिय झण्डा हस्तान्तरण गरेका थिए । कप्तान देव खनालले तयारी राम्रो रहेको उल्लेख गर्दै सक्दो नतिजाका लागि कोसिस गर्ने बताए ।

उनले सम्पूर्ण टिम खेलका लागि उत्साहित रहेको र राम्रो नजिता आउने विश्वास व्यक्त गरे । त्यस्तै मुख्य प्रशिक्षक जगत टमाटाले प्रतियोगिताका लागि टिमले राम्रो तयारी गरेको बताए । आफ्नो समूहमा अफगानिस्तान, भारत, पाकिस्तान रहनु चुनौती भए पनि राम्रो खेल खेलेर जित हासिल गर्ने उनले बताए । कार्यक्रमपछि अलराउन्डर गुलशन झाले एसिया कपमा टेस्ट टोलीलाई हराउने ठूलो अवसर रहेको र आफू उत्साहित रहेको बताए । उनले नेपालको समग्र क्रिकेटले राम्रो प्रदर्शन गरिरहेको अवस्थामा आफूहरूको लक्ष्य जितमा हुने बताए । नेपाली टिम बुधबार युएई प्रस्थान गर्नेछ । आगामी शुक्रबारदेखि पुस १ गतेसम्म यूएईमा चल्ने प्रतियोगितामा नेपाल समूह एमा छ । नेपाल रहेको समूहमा अफगानिस्तान, भारत, पाकिस्तान रहेका छन् । समूह बीमा बंगलादेश, जापान, श्रीलंका र युएई छन् । नेपालले मलेसियामा सम्पन्न एसिसी यु–१९ प्रिमियर कपको उपाधि जित्दै एसिया कपमा स्थान बनाएको थियो ।

# भोजननलीको खराबी पत्ता लगाइयो



**मिश्रीलाल मधुकर ।**
**जनकपुरधाम ।**
केही दिनअघि एक बिरामीले भारत, पटनाका वरिष्ठ सर्जनबाट आफ्नो पित्तथैलीको शल्यक्रिया गराए ।
शल्यक्रियापछि डाक्टरले बिरामीलाई डिस्चार्ज गरेपछि दुई सातासम्म बिरामी निको भए । त्यसपछि बिरामीलाई कहिलेकहीँ बान्ता र अपचको समस्या दोहोरियो ।
पटना जानुको सट्टा जनकपुरधामका डाक्टरसँग परामर्श लिए तर निको भएन । पछि बिरामीले शल्यक्रिया गर्ने डाक्टरलाई भेटे । उनले बिरामीलाई केहीदिनपछि निको हुने आश्वासन दिए । उनीहरू नेपाल आए । तर समस्या बढ्दै गयो । कसैले ग्यास्ट्रोलोजी डा. रामदेव चौधरीसँग परामर्श लिनुपर्ने सुझाव दिए । बिरामीले डाक्टर भेटे । उनको हिस्ट्री थाहा पाएपछि मात्र बिरामीको भोजननलीमा केही अड्किएको पत्ता लाग्यो ।
बिरामीको इण्डोस्कोपी गर्दा खानाको नलीमा कपास अड्किएको थियो । आरामका लागि केही औषधी दिएर बिरामीलाई पटना पठाइदिए, शल्यक्रिया गर्नेकहाँ । डाक्टरले रिपोर्ट देखेपछि अचम्म माने । नेपालमा पनि यस्ता डाक्टर छन् ? पटनाका डाक्टरले व्यक्तिगतरुपमा डा. चौधरीलाई धन्यवाद् दिए । डाक्टरले विनापैसा बिरामीको शल्यक्रिया गरिदिए ।
डाक्टरले औषधीदेखि बाससम्मको सबै व्यवस्था गरे । बिरामी निको भई पहिलेजस्तै दैनिकीमा फर्केका छन् । दिनचर्यामा व्यस्त छन् । बिरामी र उनको परिवारले डा. चौधरीलाई धन्यवाद दिएका छन् ।
डाक्टरलाई बिरामी र डाक्टरको नाम बताउन आग्रह गर्दा उनले समाचारमा नाम उल्लेख नगर्ने बताए । उनले भने, 'डाक्टर पनि मान्छे नै हो, कहिलेकहीँ गल्ती हुन्छ ।'

# बोकालाई उल्टाएर बली दिने कटवासीमाई मेला लाग्दै

**मधेशदृष्टि**
**बारा ।**
बलीका लागि विश्वप्रसिद्ध गढीमाईपछिको बारामा दोश्रो बली दिने पञ्चवर्षीय मेलाका रुपमा स्थापित कटवासीमाईको मेलाको तीव्र रुपमा तयारी भइरहेको छ । धार्मिक कथनअनुसार गढीमाईको जेठीदिदीको रुपमा रहेकी कटवासीमाईलाई बोकालाई उल्टाएर बलि दिइने हुँदा यो मेलाको छुट्टै महत्व छ ।
बाराको महागढीमाई नगरपालिका वडा नम्बर ७ मा रहेको कटवासीमाई मन्दिरमा मंसिर २७ गतेदेखि पुस ५ गतेसम्म पञ्चवर्षीय मेला लाग्ने भएकाले त्यसको भव्यरुपमा तयारी भइरहेको महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादवले बताए । मेलामा ठूलो संख्यामा भारतीय दर्शनार्थी आउने हुँदा उनीहरुलाई २४सै घण्टा मेला अवधिभर आउजाउको व्यवस्था मिलाउन प्रहरी प्रशासनसँग माग गरिएको नगर प्रमुख यादवले बताए ।
महागढीमाई नगरपालिका वडा नम्बर ७ तेलगाईमा रहेको कटवासीमाई पञ्चवर्षीय मेला मूलसमितिको कार्यालय सोमबार उद्घाटन भएको छ ।
मधेशका जिल्लामा रहेका शक्तिपीठमध्ये कटवासीमाई पनि सामरिक महत्वको शक्तिपीठका रुपमा स्थापित छ । कटवासीमाईको पूजा एवम् मेलामा नेपाल तथा भारतका १५ लाख भन्दा बढी भक्तजन तथा दर्शनार्थी यसपटक आउने अपेक्षा आफूहरुले लिएको यादवले बताए । कटवासीमाई मेला सम्पन्न भएपछि सो स्थानमा माईको भव्य मन्दिर निर्माण गरिने र यसक्षेत्रमा पनि विश्वप्रसिद्ध गढीमाईजस्तै पर्यटन र भक्तजन भित्र्याउने योजनाका साथ महागढीमाई नगरपालिका लागिपरेको नगरप्रमुख यादवले बताए ।
गढीमाई मेला लाग्नु भन्दा एकवर्षपहिले हरेक पाँच वर्षमा कटवासीमाईको मेला लाग्ने गर्दछ । विश्वप्रसिद्ध गढीमाईजस्तै कटवासीमाईको पूजामा पाँच वर्षमा पाँच किसिमका बली दिने चलन छ । राँगो, बोका, कुखुरा, सुंगुर, परेवाको बली दिने गरिन्छ । यो शक्तिपीठमा बोकालाई उल्टाएर बली दिने चलन रहेको कटवासीमाई मेला मूल समितिका अध्यक्ष शिबेन्द्र प्रताप सिंहले जानकारी दिए ।

# अख्तियारमा पर्साका मात्रै ४४९ उजुरी



**छठु साह**
**पर्सा ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगका हेटौँडा उपप्रमुख सुरेन्द्र घिमिरेले आर्थिक वर्ष २०७९–८० मा हेटौँडा कार्यालयमा स्थानीय तहका १ हजार ५ सय ६९ उजुरी परेको बताएका छन् । उनले पर्सामा मात्र स्थानीय तहका ४ सय ४९ उजुरी परेको जानकारी दिए ।
आयोगले पर्साको पकहामैनपुरमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवद्र्धनसम्बन्धी पालिकास्तरीय अन्तरक्रियामा यस्तो जानकारी दिएका हुन् ।उपप्रमुख सुरेन्द्र घिमिरेले अख्तियारको हेटौँडा कार्यालयले हेर्ने बारा, पर्सा, रौतहटसहित ११ जिल्लामध्ये चालु आर्थिक वर्षको ४ महिनामा पर्सामा सबैभन्दा बढी उजुरी परेको जानकारी दिए । उनले पर्साका १४ पालिकामध्ये सबैभन्दा बढी मुद्दा वीरगंज महानगरपालिकाको परेको बताउँदै महानगरपालिकाको मात्रै १ सय ३५, धोबिनी गाउँपालिकाको ३०, छिपहरमाईको २९, पकहामैनपुरको २० र कालिकामाई गाउँपालिकाको २१ मुद्दा परेको जानकारी दिए ।
अन्तरक्रियामा पकहामैनपुर गाउँपालिकाका अध्यक्ष सुरेशप्रसाद मेहताले अख्तियारमा मुद्दापूर्व पालिका आएर यथार्थ बुझेर अनियमितता तथा भ्रष्टाचार भए मात्र अख्तियार जाने वातावरण सृजना गर्नुपर्ने बताए ।
कार्यक्रममा आयोग हेटौँडाका प्रहरी नायव निरीक्षक डा. हेमबहादुर केसीले सार्वजनिक विकास निर्माण, अनुगमन, सामाजिक सुरक्षा, भ्रष्टाचार गर्ने संरचनागत व्यवस्था, सांगठनिक एवम् कानुनी संरचनालगायतका विषयमा सहभागीलाई प्रष्ट पारेका थिए ।
कार्यक्रममा पकहामैनपुर गाउँपालिकाका वडाअध्यक्ष बिनोद मेहतासहित वीरेन्द्र यादव, राधा बैठा, भोला साह कलवार, ताजेश्वर कुश्वाहालगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

# 'मलामी कमाउन राजनीतिमा आएँ'



*'यदि मैले कुनै राम्रो काम गरेको छु भने त्यसको प्रशंसा नगर तर यदि मैले गल्ती गरेको भए त्यो कामबारे मलाई सम्झाऊ, यो काम तिमीले गल्ती गर्यौं भन । त्यो काम साँच्चै गल्ती भए स्वीकार्छु, मलाई सुधार गर्ने अवसर पनि देऊ ।'*

*जयप्रकाश साह अग्रवाल, वडाअध्यक्ष,*
*वीरगंज महानगरपालिका–६*

देशले संघीय शासनप्रणाली अंगालेपछि सिंहदरबारको अधिकार गाउँगाउँमा पुग्यो भन्ने कुरा हामी सबैले सुन्दै आएका छौँ । संघ, प्रदेश र स्थानीय गरी तीनै तहको काम कारबाहीको विषयलाई लिएर सार्वजनिक वृत्तमा बहस र छलफल भइरहेको पनि पाइन्छ । जनताको घरआँगनको सरकार भनिएको स्थानीय तहदेखि केन्द्र सरकारको काम कारबाहीको विषयले चर्चा पाए पनि सिंहदरबारलाई राज्यको तल्लो तहसम्म जोड्ने वडाअध्यक्षको भने चर्चा कमै सुनिन्छ । जनताको दैनिक सेवामा प्रत्यक्ष सरोकार राख्ने वडा कार्यालय र त्यसको नेतृत्व गर्ने वडा अध्यक्ष स्थानीय सरकारका 'मन्त्री'हरु हुन् ।
गाउँघरमा स्थानीयका ससाना प्रकृतिका काम वडा कार्यालयसँग ठोकिने गरेका छन् । यस्तो अवस्थामा स्थानीयका समस्यालाई सम्बोधन गर्ने पहिलो कानुनी दायित्व नै वडाअध्यक्षको हुन जान्छ । वडा कार्यालयले, जन्मदर्ता, विवाह दर्ता, नाता प्रमाणित, नागरिकताका लागि सिफारिस, मोही लगत कट्टा, बहाल कर र घरजग्गा करको लेखाजोखा सिफारिस गर्नेलगायतका काम वडा कार्यालयसँग जोडिएका विषय हुन् ।
देशभरका सात सय ५३ स्थानीय तहमध्ये एक मधेश प्रदेशको पर्सास्थित वीरगंज महानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष हुन्, जयप्रकाश साह अग्रवाल । १६ वर्षको उमेरदेखि राजनीतिमा सक्रिय अग्रवाल अहिले वडाको नेतृत्व गर्ने तहमा पुगेका छन् । २०७४ को स्थानीय तह निर्वाचनमा वडा अध्यक्षको लागि स्वतन्त्र उमेरदवारी दिएका अग्रवालले त्यो बेला पराजय भोगे । त्यसबेलाको निर्वाचनमा आफ्नै मारवाडी समुदायले समेत नपत्याएका अग्रवाललाई २०७९ सालको स्थानीय निर्वाचनसम्म आइपुग्दा सबैले पत्याएर वडा अध्यक्षमा विजयी गराए । उनी निर्वाचनताको विगत सम्झेर भन्छन्, 'जनताले सरकारी निकायबाट पाइरहेको दुःख र सास्तीको विषय मैले देख्न सकिनँ, जहाँ गए पनि, जुनसुकै निकायमा गए पनि पैसाविना काम बन्न गाह्रो अवस्था देखेँ । अनि मैले केही गर्छु भन्ने हुटहुटी बोकेर निर्वाचन लडेँ । मलाई विश्वास गरेर जनताले जिताएर पठाए ।'
लामो समय नेपाली कांग्रेससँग आबद्ध भएर राजनीतिमा क्रियाशील अग्रवाल पछिल्लो समय लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा छन् । नेपाली कांग्रेसले योग्य व्यक्तिलाई अवसर नदिने र पार्टीलाई सही ढंगबाट अघि बढाउन नसक्ने अवस्था देखिएकाले आफूले कांग्रेस त्यागेको उनी सुनाउँछन् । लोसपाबाट चुनाव लडेर वडाअध्यक्षमा विजयी बनेका अग्रवालले कांग्रेसको गढ भत्काइदिए ।
स्थानीय तहमा नयाँ जनप्रतिनिधि आएको डेढ वर्ष कटेको छ । यो अवधिमा आफू वडाअध्यक्षको जिम्मेवारीमा रहेर गरेका कामको मूल्याङ्कन जनतालाई आफैँले गरुन् भन्छन् अग्रवाल । वडा कार्यालयले दिने सेवा प्रवाहमा पहिले र अहिले के कति अन्तर छ, त्यसको सही मूल्याङ्कन जनताले गर्नेछन् भन्ने आत्मविश्वास उनीमा देखिन्छ ।
वडा अध्यक्षको कामकारबाहीका विषयमा राम्रो गर्दा पनि केही व्यक्तिले गलत ढंगबाट आलोचना गर्ने र विभिन्न आरोप लगाउने गरेकामा दुःखेसो पोख्दै उनी भन्छन्, 'यदि मैले कुनै राम्रो काम गरेको छु भने त्यसको प्रशंसा नगर तर यदि मैले गल्ती गरेको भए त्यो कामबारेमा मलाई सम्झाऊ, यो काम तिमीले गल्ती गर्यौं भन । त्यो काम साँच्चै गल्ती भए स्वीकार्छु, मलाई सुधार्ने अवसर पनि देऊ ।'
राजनीतिमा लाग्नुमा आफ्नो कुनै व्यक्तिगत स्वार्थ नभएको उनी सुनाउँछन् ।
वीरगंज महानगरपालिकाको महत्वपूर्ण स्थान वडा नम्बर ६ मा पर्छन्, जुन वडाको नेतृत्व अग्रवालले गरिरहेका छन् । भ्रष्टाचारको विरोध र सुशासन कायम गर्ने नारा बोकेर चुनावमा होमिएका अग्रवाललाई वडावासीले जिताएर पठाएपछि उनको परीक्षाको घडी त्यहीँबाट सुरु भयो । हालसम्म करिब पौने दुई वर्ष वडा अध्यक्षको जिम्मेवारीमा रहेर काम गर्दाको अनुभवलाई लिएर उनी सन्तुष्ट छन् । तर, जनताका लागि काम गर्ने हुटहुटी उनीमा अझै देखिन्छ । वडा कार्यालयबाट हुने हरेक प्रकारका काम कारबाहीलाई सहज ढंगबाट व्यवस्थित बनाएको उनको दाबी छ । कागजात र प्रक्रिया पूरा गरेर आफ्नो कार्यालयसम्म आइपुगेका कुनै पनि सेवाग्राही काम नबन्दा निरास भएर फर्किने अवस्था नभएको उनी सुनाउँछन् । वडावासीले वडा कार्यालयबाट पाउनुपर्ने सेवाप्रवाहमा कुनै समस्या नभएको र आगामी दिनमा पनि कुनै समस्या आउन नदिने उनको अठोट छ ।
वडाको नेतृत्व सम्हालेका अग्रवाललाई काम गर्नमा वडावासी सबैको साथ र सहयोग पनि छ । तर, अन्य निकायबाट सोचेजस्तो साथ सहयोग पाउन नसकेको उनको गुनासो छ । वडावासीको भलाइका लागि काम गर्न आफूलाई कसैले पनि दबाब दिन नसक्ने उनी बताउँछन् ।
अग्रवालले वडाको नेतृत्व सम्हालेदेखि हालसम्म वडाले झन्डै तीनकरोड रुपैयाँ बजेटसम्मको काम गरिसकेको छ । यो छोटो अवधिमा उनले खानेपानी, बाटोघाटो, सडक, नाला आदिको काम गरिसकेका छन् । उनले निर्वाचनका बेला आफूले वडाका लागि गर्छु भनेका सबै कामहरु आफ्नो पाँच वर्ष कार्यकालभित्र पूरा गरेर छोड्ने दृढ विश्वास बोकेका छन् ।
पछिल्लो समय देशमा देखिएको आर्थिक मन्दीको असर वडास्तरसम्म देखिएको उनको बुझाइ छ । आर्थिक मन्दीका कारण अहिले राजश्व संकलनमा समेत ४० प्रतिशतसम्म गिरावट आएको उनी सुनाउँछन् । वडामा आएको सबैखाले बजेटको सही र पारदर्शी ढंगबाट सदुपयोग गरेको उनी दाबी गर्छन् । विकास निर्माणका काममा होस् वा सेवा प्रवाहका सवालमा होस् आफूले कसैलाई काखा र कसैलाई पाखा नगरेको उनी बताउँछन् ।
वडा क्षेत्रभित्र पर्ने सबै मन्दिरको सौन्दर्यीकरण, नाला ढलान, सडक मर्मत, खानेपानीलगायतका काममा भइरहेको सुनाउँदै उनले बाँकी योजना आगामी दिनमा अघि बढ्ने बताए । उनी भन्छन्, 'मेरो कार्यकालमा एउटा सडक र नाला मर्मत गर्न बाँकी नरहदैँन, आगामी तीन वर्ष तीन महिना बाँकी छ । जति सक्दो चाँडो बाँकी सम्पूर्ण काम समयमै गर्नेछौँ ।'
राजनीतिमा लागेर जनतालाई केही दिन सकिन्छ कि भनेर आफू राजनीतिमा प्रवेश गरेको सुनाउने वडाअध्यक्ष अग्रवाल राजनीतिलाई सेवाकै रुपमा हेर्नुपर्ने बताउँछन् । उमेर पचास वर्ष लागेका अग्रवालको पाँच वर्षअघि मृगौला प्रत्यारोपण गरिएको छ । 'मान्छेले जीवनमा जे पनि देख्न सक्ने तर मरेपछि आफ्नै काल्रो नदेख्ने' भनाइलाई स्वीकार्दै उनी भन्छन्, 'भोलि मेरेर गए पनि मैले गरेको कामलाई लिएर सबैले मेरो याद गरुन, यही भन्न चाहन्छु ।'

# मुद्दा दर्ताको ३६ महिनापछि २३ जनालाई जन्मकैद

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पश्चिम रुकुमको कहालीलाग्दो हत्याकाण्डमा संलग्नहरुलाई अदालतले जन्मकैद फैसला सुनाएको छ । सोती घटनामा संलग्न ३४ जनामध्ये २३ जना जन्मकैदको भागीदार भएका छन् । रुकुम जिल्ला अदालतले थुनामा रहेका २३ जनालाई जन्मकैद फैसला सुनाएको छ । आइतबारदेखि रुकुम जिल्ला अदालतमा जारी सुनुवाइपछि न्यायाधीश खड्ग बहादुर केसीको इजलासले घटनामा संलग्नमध्ये २३ जनालाई दोषी ठहर गरेको हो । ज्यान मुद्दामा प्रतिवादी मृतक नवराज विककी प्रेमिका भनिएकी किशोरी, उनकी आमा र भाइलाई जातीय छुवाछुतमा दोषी ठहर गर्दै २ वर्ष जेल सजाय ठहर गरिएको छ । घटनामा संलग्न ८ जनालाई अदालतले सफाइ दिएको श्रेष्तेदार मन्दिरा शाहीले बताइन् । यसअघि सर्वोच्च अदालतले ८ जनालाई थुनामुक्त आदेश दिएसकेको थियो । २०७७ जेठ १० गते रुकुम पश्चिमको चौरजहारी नगरपालिका वडा नम्बर ८ सोतीमा नवराज विकसहित ६ जना किशोर तथा युवाको हत्या भएको थियो ।
प्रेमिका लिन जाजरकोटबाट रुकुम पश्चिम गएका किशोर नवराज तथा उनका साथीहरूको समूहलाई सोतीका स्थानीयले कुटपिट गरी सेती नदीमा बगाएर हत्या गरेको थियो । सरकारले यो प्रकरणमा ३४ जनालाई मुद्दा चलाएको थियो ।
२०७७ जेठ ३२ गते रुकुम जिल्ला अदालतमा दर्ता भएको मुद्दामा प्रतिवादी संख्या बढी हुँदा सुनुवाइमै लामो समय लागेको थियो । मुद्दा दर्ता भएको ३६ महिनापछि सुनुवाइ सुरु भएर फैसला भएको हो ।

# तरुण नेताको अश्लील भिडियो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको भ्रातृसंगठन नेपाल तरूण दलका जनकपुरधाम अध्यक्ष पंकज महतोको अश्लील भिडियो बाहिरिएपछि जनकपुर तरंगित छ ।
युवतीसँग ह्वाटसएपमा अश्लील गतिविधि गरिरहेको भिडियो बाहिरिएको हो । भिडियो केही महिनापहिलेको भएको बताइएको छ ।
३९ सेकेण्डको भिडियोमा महतोले अश्लील गतिविधि गरेको देखिन्छ । भिडियोको ९ सेकेण्डपछि उनी युवतीको अश्लील क्रियाकलाप हेरिरहन्छन् । पछि आफैँ पनि अश्लील गतिविधि गरेको भिडियोमा प्रष्ट देखिन्छ । ती युवतीसँग उनले हिन्दी भाषामा कुरा गरेको सुनिन्छ । उनले यो हर्कत जनकपुरधामको बजरंग चोकस्थित आफ्नै पसलमा गरेको भिडियोमा देख्न सकिन्छ ।
यता, महतोले भिडियोलाई काटकुट पारेर आफूमाथि षड्यन्त्र गरिएको दाबी गरेका छन् । आफ्नो चरित्र हत्या गर्ने उद्देश्यले कसैले यस्तो हर्कत गरेको र भिडियो आफ्नो नरहेको उनको जिकिर छ ।
यद्यपि सामाजिक सञ्जालमा विदेशमा रहेका युवतीहरुले ह्वाट्स एपमा यस्तो प्रस्ताव गर्ने र पछि पैसा मागेर नदिए भिडियो सार्वजनिक गर्ने गरेका छन् । जनमत पार्टीबाट मन्त्री भएका अब्दुल खानको पनि यस्तै भिडियो बाहिर आएको थियो ।

# मोटरसाइकलमा १८ लाखको सामान ?






**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतीय बजारबाट सिमाक्षेत्रबाट मोटरसाइकलमा राजस्व छलेको सामान प्रहरीले बरामद गरेको छ । बरामद सामान १८ लाख ४६ हजार ५ सय ७३ रुपैयाँ बराबरको रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरीका कार्यालय तथा मातहतका प्रहरी इकाइबाट परिचालन भएको गस्ती टोलीले भन्सार छलेर गरी ल्याउदै गरेको सरसामानसहित ओसारपसारमा संलग्न १० थान मोटरसाइकल पनि बरामद गरेको छ । बरामद सामान र मोटरसाइकल राजस्व कार्यालय जनकपुरमा पठाइएको छ ।

# हार्दिक आमन्त्रण



# महामना राजेश्वर नेपाली T-20 क्रिकेट टुर्नामेन्ट

आज बुधवार बिहान १० बजेदेखि शुरू हुन गइरहेको **महामना राजेश्वर नेपाली T-20 क्रिकेट टुर्नामेन्ट** कार्यक्रममा सहभागी हुनकालागि सम्पूर्ण वडावासी, नगरवासी तथा जिल्लावासीहरूलाई हार्दिक आमन्त्रण गर्दछौं ।



**स्थान:**
जनकपुरधाम उ.म.न.पा. वडा नं. २३
निर्माणधीन:
रवीन्द्र मेमोरियल हस्पिटलको पछाडी






**सहयोग:**
जनकपुरधाम उपमहानगरपालिका
मधेश प्रदेश, नेपाल

**राघवेन्द्र प्रसाद साह**
अध्यक्ष
जनकपुरधाम उ.म.न.पा. वडा नं. २३

**आयोजक:**
श्री दुधमती युवा क्लव
जनकपुरधाम-२३, बेला, नेपाल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन